महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

इस्मा गाउँपालिका

गुल्मी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

इस्मा गाउँपालिका

गुल्मी



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १५२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यु,
इस्मा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
गुल्मी ।

कैफियत सहितको राय

हामीले इस्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड १२ लाख २७ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिक्रिया उपलब्ध भई रु ७१ लाख १९ हजार फछ्यौट भइ बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ११ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड १९ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड १० लाख ५० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ४ करोड ८१ लाख २८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड २२ लाख ३६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

श्रीकुमार राई
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

इस्मा गाउँपालिका, गुल्मी

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६८	८५	३१२२७	०	४०	७१२७	६८	४५	२४१०८	११०३	११०५०	११९५४	०		२३००४	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	३२.२	मर्मत संभार कोष कट्टी गरेको रकम स्थानिय संचित कोषमा फिर्ता हुनुपर्ने रु	५0000
२	२९.१	प्रदेश संचित कोषमा फिर्ता हुनुपर्ने रु	२५0000
३	२३	स्वास्थ्य तर्फको वढी ग्रेड रकम भुक्तानी भएको	१९0३४0
४	२१.५	शिक्षकको वढि तलव निकाशा	११00१६
५	२१.२	गैरआवाशिय छात्रावृत्ती	२९६00
६	१२.२	कम राजश्व दाखिला भएको	२२३३५
७	२१.४	दलित छात्रवृत्ती	१४000
८	३९.२	कार्यसम्पन्न प्रतिवेदन पेश गरी फछ्यौट भएको	३६00000
९	४०.१	अनुदान फिर्ता	२८६१८१९

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
इस्मा गाउँपालिका गुल्मी	४८१२८	०	०	४८१२८	०	२४१०८	७२२३६

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : इस्मा गाउँपालिका, गुल्मी , इस्मा गाउँपालिका , गुल्मी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	nabaraj subedi	२०७८-६-१८	२०७८-१२-१७
कार्यालय प्रमुख	समसुल हक मिया	२०७८-१२-२८	२०७९-३-५
कार्यालय प्रमुख	धनीश्वर पौडेल	२०७९-३-६	हाल सम्म कार्यरत
लेखा प्रमुख	Ashok kumar khadka	२०७८-१-१०	हाल सम्म कार्यरत
		बेरुजु रकम	२४,१०८,१५४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		११,२३,००,५८९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३२,२८,८६,०००	**चालु खर्च**	३२,१२,२६,१०४
प्रदेश सरकारबाट अनुदान	३,३९,७७,०००	**पूँजीगत खर्च**	१३,५७,५६,८७८
राजश्व बाँडफाँट	७,२३,३९,०९७	**वित्तीय/अन्य व्यवस्था**	१२,०३,५३,१०५
आन्तरिक आय	४४,३८,११९		
अन्य आय	१२,४८,२५,७८७		
कुल आय	५५,८४,६६,००३	**कुल खर्च**	५७,७३,३६,०८७

बाँकी मौज्दात	९,३४,३०,५०५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ८१.८८ वर्ग किलोमिटर २०९६४ जनसंख्या रहेको छ ।	
२			**एकिकृत आयव्यय विवरण**	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी (बैंक)		११२३००५८९	१	चालु खर्च	३२१२२६१०४	३२१२२६१०४
	क) संचित कोष जिम्मेवारी	१०२०४५३१८		२	पूँजीगत खर्च	१३५७७५६८७८	१३५७७५६८७८
	ख) धरौटी खाता जिम्मेवारी	४६१३२९४		३	वित्तिय व्यवस्था भुक्तानी		०
	ग) कोष खाताको जिम्मेवारी	५६४१९७७			क) ऋण भुक्तानी		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see table below)	

२	राजस्व (आन्तरिक आय)		७६७७७२१६		ख) ब्याज भुक्तानी		
	क) आन्तरिक राजस्व	४४३८११९			ग) अन्य भुक्तानी		
	ख) संघीय राजस्व बाँडफाँड	६५४६४९०१		४	लगानी		०
	ग) प्रदेश राजस्व बाँडफाँड	५७६३८११			शेयर लगानी		
	घ) स्थानीय राजस्व बाँडफाँड	१११०३८५			अन्य लगानी		
	ङ) दहत्तर बहत्तर बापत प्राप्त रकम			५	धरौटी फिर्ता	८२३०१४	८२३०१४
३	वित्तिय हस्तान्तरण संघ		३२२८८६०००	६	प्रकोप कोष खर्च	४७७७६७४	४७७७६७४
	क) वित्तिय समानीकरण अनुदान	९५००००००		७	विपद् कोष फिर्ता	१९८३२७०	१९८३२७०
	ख) सशर्त अनुदान	२१३२८६०००		८	मर्मत सम्भार कोष	६८००००	६८००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				ग) समपूरक अनुदान	४६०००००		९	अन्तरसरकारी अख्तियारी		१०५३४५४७३	
				घ) विशेष अनुदान	१००००००			ङ) सामाजिक सुरक्षा	१०४७१८१९२		
			४	प्रदेश सरकारबाट प्राप्त अनुदान		३३९७७००००		च) गरिव सँग विश्वेश्वर कार्यक्रम	६२७२८१		
				क) वित्तिय समानीकरण अनुदान	४४३३०००		१०	विविध खर्च खाता		६७४३६७४	
				ख) सशर्त अनुदान	८५४४०००			क) औद्योगिक ग्राम निर्माण	५३४१६७४		
				ग) समपुरक अनुदान	१५०००००			ख) देवीस्थान आधारभूत विद्यालय	०		
				घ) विशेष अनुदान	६००००००			ग) विपन्न नागरिक	६०००००		
			५	अन्तरसरकारी अख्तियारी		१०५३४५४७३		घ) पीएल जी एस पी	८०२०००		
				क) सामाजिक सुरक्षा	१०४७१८१९२		११	मौज्दात (बैंक मौज्दात)		९३४३०५०५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	ख) गरिव सँग विश्वेश्वर कार्यक्रम	६२७२८१			क) संचित कोष खाता	७८७०२५५३	
६	विविध खर्च खाता		१०९०२०००		ख) धरौटी मौज्दात	६८०९११९	
	क) औद्योगिक ग्राम निर्माण	९२०००००			ग) लैङ्गिक हिसां निवारण कोष मौज्दात	१०००००	
	ख) देवीस्थान आधारभूत विद्यालय	२०००००			घ) प्रकोप कोष मौज्दात	२०४३७७८	
	ग) बहुप्राविधिक शिक्षालय पूर्वाधार व्यवस्थापन	७०००००			ङ) विपत कोष मौज्दात	१०१६७२९	
	घ) पीएल जी एस पी	८०२०००			च) विविध खर्च खाता मौज्दात	४७५८३२६	
७	धरौटी आय	३०१८८३९	३०१८८३९				
८	विभिन्न कोष तर्फको आय	४८७९४७५	४८७९४७५				
९	मर्मत तथा कन्टेन्जेन्सी	६८००००	६८००००				

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td>६७०७६६५९२</td><td>६७०७६६५९२</td><td></td><td>जम्मा</td><td>६७०७६६५९२</td><td>६७०७६६५९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>
सुत्र प्रणाली अनुसार
<table>
<tr><td colspan="9">आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२</td></tr>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/ सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/ सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४६,०१,६०,०५१.५०</td><td>४५,६२,६१,७५३.८३</td><td></td><td>४५,६२,६१,७५३.८३</td><td>४३,९२,१५,३८९.३३</td><td></td><td>४३,९२,१५,३८९.३३</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>४३,९३,१४,०३४</td><td>४३,२५,२९,८३१.३१</td><td>०</td><td>४३,२५,२९,८३१.३१</td><td>४०,७४,७१,२७७.७७</td><td>०</td><td>४०,७४,७१,२७७.७७</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>७,४८,९८,५३४</td><td>७,१८,५०,८७६.२८</td><td>०</td><td>७,१८,५०,८७६.२८</td><td>६,८५,८४,८५२.७४</td><td>०</td><td>६,८५,८४,८५२.७४</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			१३००० अनुदान		३५,६९,४४,०००	३५,६८,६३,०००	०	३५,६८,६३,०००	३३,६०,७६,१२१.५०	०	३३,६०,७६,१२१.५०	
			संघीय सरकार	१२	३२,२९,६७,०००	३२,२८,८६,०००	०	३२,२८,८६,०००	२९,९९,१९,१२१.५०	०	२९,९९,१९,१२१.५०	
			प्रदेश सरकार	१२	३,३९,७७,०००	३,३९,७७,०००	०	३,३९,७७,०००	३,६१,५७,०००	०	३,६१,५७,०००	
			१४००० अन्य राजस्व		७३,७१,५००	३८,१५,९५५.०३	०	३८,१५,९५५.०३	२४,२५,०८५.५३	०	२४,२५,०८५.५३	
			१५००० विविध प्राप्ति		१,००,०००	०	०	०	३,८५,२१८	०	३,८५,२१८	
			ख. अन्य प्राप्ति		२,०८,४६,०१७.५०	२,३७,३१,७२२.५२		२,३७,३१,७२२.५२	३,१७,४४,१११.५६		३,१७,४४,१११.५६	
			वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०	
			कोषहरु		२,०८,४६,०१७.५०	२,१२,०४,०४०	०	२,१२,०४,०४०	२,९३,००,६३८	०	२,९३,००,६३८	
			धरौटी		०	२५,२७,६८२.५२	०	२५,२७,६८२.५२	२४,४३,४७३.५६	०	२४,४३,४७३.५६	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			भुक्तानी (ग+घ)		५६,२२,०५,४३१.६७	४७,०४,२५,६९०.५२		४७,०४,२५,६९०.५२	३७,१०,५०,४२२.१०		३७,१०,५०,४२२.१०	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		५४,१३,५९,४१४.१७	४५,६९,८३,०४२.६८		४५,६९,८३,०४२.६८	३५,५७,६०,२३३.७०		३५,५७,६०,२३३.७०	
			२१००० पारिश्रमिक / सुविधा	१८	१८,७९,७८,०००	१८,०८,६२,८२०.४१	०	१८,०८,६२,८२०.४१	१३,६०,९१,०८४	०	१३,६०,९१,०८४	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	१२,००,१५,०००	८,२४,०९,४१७.४४	०	८,२४,०९,४१७.४४	७,९४,४७,२४२.०५	०	७,९४,४७,२४२.०५	
			२५००० सहायता (Subsidy)	१८	१५,००,०००	१५,००,०००	०	१५,००,०००	७९,७५,४०४	०	७९,७५,४०४	
			२६००० अनुदान	१८	६१,६८,०००	४३,९८,०००	०	४३,९८,०००	२,००,०००	०	२,००,०००	
			२७००० सामाजिक सुरक्षा	१८	४१,३०,०००	४१,३०,०००	०	४१,३०,०००	९५,५६,४७६	०	९५,५६,४७६	
			२८००० अन्य खर्च	१८	५,०७,००,०००	४,७९,२५,९२७.२३	०	४,७९,२५,९२७.२३	११,९६,३६६	०	११,९६,३६६	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१७,०८,६८,४१४.१७	१३,५७,५६,८७७.६०	०	१३,५७,५६,८७७.६०	१२,१२,९३,६६१.६५	०	१२,१२,९३,६६१.६५	
			घ. अन्य भूक्तानी		२,०८,४६,०१७.५०	१,३४,४२,६४७.८४		१,३४,४२,६४७.८४	३७,१०,५०,४२२.१०		३७,१०,५०,४२२.१०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

कोषहरु		२,०८,४६,०१७.५०	१,२६,१९,६३३.८४	०	१,२६,१९,६३३.८४	१,४२,५६,१५४.४०	०	१,४२,५६,१५४.४०
धरौटी		०	८,२३,०१४	०	८,२३,०१४	१०,३४,०३४	०	१०,३४,०३४
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)		(१०,२०,४५,३८०.१७)	(१,४१,६४,१३६.६९)		(१,४१,६४,१३६.६९)	६,८१,६४,९६७.२३		६,८१,६४,९६७.२३
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१०,६६,५५,६७३.७३		१०,६६,५५,६७३.७३	२,४५,००,८५४		२,४५,००,८५४
वर्षान्तको बाकी रकम (ङ + च)		(१०,२०,४५,३८०.१७)	९,२४,९१,५३७.०४		९,२४,९१,५३७.०४	९,२६,६५,८२१.२३		९,२६,६५,८२१.२३
बैंक तथा नगद बाकी	२४		९,३१,५७,७६८.०४		९,३१,५७,७६८.०४	१७,२७,९९,०१८.३४		१७,२७,९९,०१८.३४

कार्यालयको सुत्र प्रणालीबाट तयार भएको आय व्ययमा देहायको अवस्था देखिएको छ ।

क) प्रणाली अनुसार शुरु मौज्दातः सुत्र प्रणालीले गत वर्षको अन्तिम मौज्दात र यो वर्षको शुरु मौज्दात बराबर देखाएको हुनु पर्दछ । तर कार्यालयको प्रणालीले गत वर्षको अन्तिम मौज्दात रु. १७२७९९०१८. ३४ देखाएकोमा यो वर्ष शुरु मौज्दात रु. १०६६५५६७३.७३ जिम्मेवारी सारेकाले रु. ६६१४३३४४.६ घटी जिम्मेवारी सारेको देखियो ।कार्यालयले यसको कारण उल्लेख गरेको छैन ।

ख) अन्तिम बैंक बाँकी मौज्दातः कार्यालयले पेश गरेको आर्थिक विवरणमा यो वर्षको अन्तमा बाँकी बैंक मौज्दात रु. ९ करोड ३४ लाख ३० हजार ५०५ रहेकोमा सुत्र प्रणाली वित्तीय अवस्था फा.नं २७२ ले रु. ९ करोड ३१ लाख ५७ हजार ७६८ बैंक मौज्दात देखाएकाले

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रणालीको वित्तीय विवरण र एकिकृत आयव्ययको मौज्दात रु. २७२७३७ फरक परेको देखियो ।कार्यालयले यसको कारण उल्लेख गरेको छैन । ग) एकिकृत आयव्ययको शुरु मौज्दातः कार्यालयको गत वर्षको प्रतिवेदन अनुसार गत वर्षको अन्तिम मौज्दात रु. १२ करोड १९ लाख ४२ हजार ५३३ रहेकोमा यो वर्ष तयार गरेको एकिकृत आयव्ययमा शुरु मौज्दात रु. ११ करोड २२ लाख ५८९ देखाएकाले घटी मौज्दात रु. ९६ लाख ४१ हजार ९४४ सारेकोमा कार्यालयले कारण उल्लेख गरेको छैन । अतः कार्यालयले घटी जिम्मेवारी सारेको रकमको जिम्मेवारी कायम गरी हिसाव मिलान गरिनु पर्दछ । घ) धरौटीः कार्यालयको गत वर्षको धरौटी बाँकी रु. ४६१३२९४ र यो वर्षको आम्दानी रु. ३०१८८३९ समेत रु. ७६३२१३३ मध्ये फिर्ता रु. ८२३०१४ भई बाँकी रु. ६८०९११९ रहेकोमा सुत्र प्रणालीले यो वर्षको आम्दानी रु. २५२७६८२.५२ मात्र समावेश गरेको देखिएकाले प्रणालीले धरौटीको यथार्थ अवस्था देखाउन सकेको छैन । यसमा सुधार गरिनु पर्दछ । ङ) पालिकाले म.ले.प टोलीले दिएको टेम्प्लेटका अनुसार संघीय सरकार र प्रदेश सरकारलाई गरी रु. २७२७८२७२ अनुदान फिर्ता गरेको देखाएको छ । तर पालिकाको एकिकृत आयव्ययमा सो रकम फिर्ता नदेखाएकाले सो आयव्ययलाई एकिन गर्न सकिएन ।	
४			**आन्तरिक नियन्त्रण प्रणाली**	
४.१			आन्तरिक नियन्त्रणः स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसा रहेका छन् • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको, • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको, • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको, • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको, • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको, • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको, • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको, • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको, • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेको • अधुरा आयोजनाको समिक्षा नगरेको आदि ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.२			बेरुजु लगतः कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । पालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाइएन । -म.ले.प. फाराम ८०१ - बेरुजु लगत -म.ले.प. फाराम ८०२ - बेरुजुको कार्यालयगत प्रतिवेदन -म.ले.प. फाराम ८०३ - बेरुजुको केन्द्रीय कार्यालयगत लगत -म.ले.प. फाराम ८०४ - बेरुजुको कार्यालयगत केन्द्रीय प्रतिवेदन -म.ले.प. फाराम ८०५ - सम्परीक्षण गोश्वारा अभिलेख तसर्थ, स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
४.३			सूचना प्रविधी पद्दतिः सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । राजश्व संकलन जस्तो संवेदनशिल विषयमा संकलन गरेको रसिद रद्ब भएमा वा रसिद सच्याईएमा सोको अन्तिम निरीक्षण गरी चेकजाँच गर्न सक्ने गरी कार्यालय प्रमुखले जानकारी पाउने अवस्था देखिएन । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः • कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, • सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । तसर्थ, कार्यालयले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।	
४.४			सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखः महालेखा नियन्त्रक कार्यालयले सम्पूर्ण सरकारी कार्यालयहरुको सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि स्वीकृत मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले निम्नानुसार म.ले.प फारामहरु स्वीकृत ढाँचामा अद्यावधिक गरी राखेको छैन । • म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको, • म. ले. प. फाराम ४१५ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको । अतः पालिकाले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी सवारी साधन र मेशिनरी संचालन गरिनु पर्दछ ।	
४.५			भ्रमण तथा भ्रमण खर्चको अभिलेखः भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन । • म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको, • म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको, • म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको । अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।	
५			**वित्तीय विवरण परीक्षण** आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्थाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
६			**बजेट तथा कार्यक्रम**	
६.१			क्षेत्रगत बजेट र खर्चः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	५७५५५०००	३७६५६६८०	८.२४
२	पूर्वाधार विकास	१४६८६५३८०	१२०११७४५६	२६.२८
३	सामाजिक विकास	२६०१४७५००	२३७३८३५०३	५१.९५
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	९७०००००	४७८१६७५	१.०५
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	६७०९१५३४	५७०४३७२८	१२.४८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td>५४१३५९४१४</td><td>४५६९८३०४२</td><td>१००</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरण अनुसार संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा सबैभन्दा कम १.०५ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५१.९५ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले वातावरण शीर्षकमा कुनै पनि बजेट विनियोजन गरेको पाईएन । त्यसैगरी पूर्वाधार विकासमा पालिकाले २६.२८ प्रतिशत मात्र बजेट खर्च गरेको छ । तसर्थ, पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>योजनाको आन्तरिकिकरण र सामञ्जस्यताः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामञ्जस्यता गर्नुपर्नेमा पालिकाले गरेको छैन । तसर्थ, यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>चालु खर्च तर्फ</td><td>३२१२३६१६५</td><td>१०७७५९२५९</td><td>७१४४२८३९</td><td>१४२०३४०६७</td><td>६०७६५१६७</td></tr>
<tr><td>पूँजिगत खर्च तर्फ</td><td>१३५७५६८७७</td><td>५४४१७९३</td><td>३१८८६४९५</td><td>९८४२८५८९</td><td>६१०४८३९३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td>४५६९८३०४२</td><td>११३२०१०५२</td><td>१०३३२९३३४</td><td>२४०४६२६५६</td><td>१२१८१३५६०</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>२४.७७</td><td>२२.६१</td><td>५२.६२</td><td>२६.६६</td></tr>
<tr><td>पूँजिगत प्रतिशत</td><td>१००</td><td>४</td><td>२३.४८</td><td>७२.५२</td><td>४४.९६</td></tr>
</table>
कार्यालयले तयार गरेको बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन गरी खर्च गर्नु पर्दछ । कार्यालयले प्रथम चौमासिकमा २४.७७, दोश्रो चौमासिकमा २२.६१, तेश्रो चौमासिकमा ५२.६२ तथा आषाढ महिनामा मात्र २६.६६ प्रतिशत खर्च गरेको देखियो । त्यस्तै, कार्यालयले पुँजिगत तर्फ निम्नानुसार तेस्रो चौमासिकमा ७२.५२ प्रतिशत र आषाढ महिनामा मात्र ४४.९६ प्रतिशत खर्च गरेको देखियो । यसरी आषाढ महिनामा अत्याधिक खर्च गर्दा गुणस्तर एवं वित्तीय शुद्धतामा समेत नियन्त्रण परीक्षण हुन नसक्ने भएकोले सन्तुलित रुपमा खर्च गरिनु पर्दछ । तसर्थ खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गरिनु पर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष ज्युबाट मिति २०७८।३।०७ गते रु. ५४ करोड १३ लाख ५९ हजार ४१४ बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।०७ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>प्रदेशलाई रकम पठाउनुपर्नेः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ७ तथा अनुसुची ४ बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने आम्दानी प्रदेशलाई पठाउनु पर्दछ । तर पालिकाले दहत्तर बहत्तर बापत भएको आम्दानी रु. १११०३८५ को निश्चित रकम प्रदेश तथा संघ लाई पठाउनु पर्नेमा पठाएको देखिदैंन । सो रकम कानुन बमोजिम प्रदेश र संघलाई पठाउनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.६			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितीलाई जानकारी गराउनु पर्दछ ।	
७			**शिक्षा तर्फ**	
७.१			विद्यालयको अनुगमन नियमन व्यवस्थाः राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याकंन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् । ♣ सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन । ♣ मापदण्ड बमोजिम अनुगमन गरेको छैन । ♣ अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । ♣ प्रतिवेदन सार्वजनिक गरेको छैन । तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.२			निजी विद्यालय व्यवस्थापनः राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् । • निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । • मापदण्ड बमोजिम अनुगमन गरेको छैन । • निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन । • शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन । • अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नुपर्दछ ।	
७.३			सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरः गाउँपालिकाले शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम भए नभएको अनुगमन गरी प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेमा शैक्षिक गुणस्तर मापनको बनाएको छैन । उक्त मापदण्ड बनाई सोको कार्यान्वयन गर्नु पर्दछ ।	
८			**अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अनुदान फिर्ताः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले संघीय सरकारलाई रु.२३१६९०८५.६२ र प्रदेश सरकारलाई रु. ४१०९१८६.२८ फिर्ता गरेको छ ।	
९			**संगठन तथा कर्मचारी व्यवस्थापन**	
९.१			कर्मचारी दरबन्दी र पदपूर्तिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको जम्मा स्वीकृत दरबन्दी संख्या ९० रहेकोमा ४१ जना कर्मचारीको पदपूर्ति भएकोमा ४९ जना कर्मचारी रिक्त रहेको छ । त्यसैगरी पालिकाको ६ वडा कार्यालयहरुको लागि ६ जना वडा सचिवको दरबन्दी रहेकोमा ५ वटा मात्र पदपूर्ति भई १ वटा पद रिक्त रहेकोमा विभिन्न कर्मचारीहरुलाई जिम्मेवारी दिई काम लगाएको देखियो । जनताको प्रत्यक्ष सेवा प्रवाह गर्ने वडा सचिव जस्तो जिम्मेवारीपूर्ण पदमा लामो समय अन्य शाखाका कर्मचारीबाट काम लगाउँदा पालिकाबाट जनतामा प्रवाह हुने सेवाको गुणस्तर र जिम्मेवारीमा असर पर्दछ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ । अतः रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।	
९.२			तलवि प्रतिवेदन पारित नगरेकोः निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २,६१,४४,४४४।- खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।	
९.३			कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६८ जना कर्मचारीहरू करारमा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			राखी रु. १,६८,३४,७६६ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १० पदमा ६८ जना करार नियुक्ति गरी खर्च लेखेको देखिन्छ । अतः पालिकाले कानूनले तोकेको पदमा मात्र करारमा कर्मचारी नियुक्ति गर्नुपर्दछ ।	
९.४			अवकाश कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको देखिएन ।	
१०			**कोभिड १९ तर्फ** कोभिड-१९ तर्फः गत वर्षको जिम्मेवारी रु. ५५,४१,९७७.३९ र यो वर्षको आय १२,७९,४७४.८५ गरी ६८,२१,४५२.२४ आम्दानी भएकोमा यो वर्ष खर्च रु. ४७,७७,६७४.३४ भई बाँकी रु. २०,४३,७७७.९ मौज्दात रहेको देखिन्छ । कार्यालयले महामारी नियन्त्रणका लागि पूर्व तयारी र नियन्त्रण र रोकथामका लागि कार्य योजना बनाएको हुनुपर्दछ । तर पालिकाले जोखिम आकलन गरी कार्य योजना बनाएको देखिएन ।	
११			**धरौटी र कोष**	
११.१			धरौटी बाँकीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ अनुसार कार्यालयमा बाँकी रहेको धरौटी रकमको व्यक्तिगत अभिलेख राखेको हुनुपर्दछ । कार्यालयको अभिलेख अनुसार यो वर्षको अन्तसम्ममा धरौटी मौज्दात रु. ६८,०९,११९ बाँकी रहेको देखियो । तर कार्यालयले धरौटीको व्यक्तिगत कच्चावारी अभिलेख तयार गरेको देखिएन । अतः व्यक्तिगत धरौटीको कच्चावारी अभिलेख तयार गरी धरौटी मौज्दात रकम अध्यावधिक गरिनु पर्दछ ।	
११.२			कोष व्यवस्थापनः आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६(१) ले कोषको अभिलेख अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गत रहेका कोरोना कोष, विपन्न नागरिक	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राहत तथा उपचार कोष, लैंगिक हिंसा निवारण कोष, विपद व्यवस्थापन कोष, मर्मत सम्भार कोष लगायतका सम्पूर्ण कोषहरुको विवरण अद्यावधिक गर्दै कोषको आय प्राप्तिको उपयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>राजस्व आन्तरिक नियन्त्रण</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>आय ठेक्काः पालिकाले यो वर्ष देहाय अनुसार नदीजन्य ठेक्का लगाई आय संकलन गरेकोमा देहायका व्यहोरा देखिएका छन् ।
<table>
<tr><th>क्र.सं</th><th>ठेक्का</th><th>व्यवसायीको नाम</th><th>सम्झौता अंक</th><th>पहिलो किस्ता</th><th>दोश्रो किस्ता</th><th>कम भुक्तानी</th></tr>
<tr><td>१</td><td>छल्दी खोला</td><td>नुतन निर्माण सेवा</td><td>५२५०००</td><td>१५००००</td><td>३७५०००</td><td></td></tr>
</table>
कार्यालयले नदीजन्य पदार्थको ठेक्कामा गिट्टी, बालुवा उत्खनन् गर्ने क्रममा घाटगद्दी गराई मात्र निर्माण व्यवसायीलाई नापजाँच गराई नदीजन्य पदार्थ ढुवानी गर्न दिनुपर्दछ । तर घाटगद्दी नबनाएर नदीजन्य पदार्थको उत्खनन् गर्दा ठेक्कामा तोकेको परिमाण भन्दा ज्यादा उत्खनन् हुने सम्भावना रहने जसले गर्दा पालिकाको आन्तरिक आयमा कमि आउनका साथै वातावरणमा समेत नकारात्मका असर पर्ने हुँदा सो सम्बन्धमा पालिकाले अनुगमन तथा नियन्त्रण गर्नुपर्ने देखिन्छ । त्यसैगरी, कार्यालयले आय संकलनमा लगाएको ठेक्का सम्झौताको समयमा दाखिला गर्न बाँकी किस्ताको जमानतका लागि बैंक जमानत लिएको हुनु पर्दछ । तर कार्यालयले निर्धारित समयमा किस्ता नबुझाउँदा जमानत जफत गरी राजश्व असुल गर्न सकेको देखिएन । (क) छल्दी खोला क्षेत्रमा पर्ने नदीजन्य पदार्थको ठेक्का पाउने व्यवसायी नुतन निर्माण सेवाको ठेक्का अवधि २०७९ जेठ मसान्तमा समाप्त भएकोमा दोश्रो किस्ताको रु. ३७५,५०० आषाढ २६ मात्र दाखिला गरेको छ । अतः आय ठेक्काको सम्झौताको समयमा दाखिला गर्न बाँकी किस्ताको बैंक जमानत माग गरी सुधार गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>राजश्व रकम कम तथा ढिला दाखिलाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभएमा भोलिपल्ट दाखिला गर्नुपर्दछ र भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले तीन दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । त्यस्तै, सोही बमोजिम प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४</td><td>५,४५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>को उपदफा २ मा सोही उल्लेख गरेको देखिन्छ । कार्यालयले तयार गरी लेखापरीक्षणार्थ पेश गरेको राजश्व आम्दानी तथा दाखिला विवरण अनुसार तोकिएको समयमा नगद दाखिला हुने नगरेकोमा जरिवाना तथा कुनै कारबाही गर्ने गरेको देखिएन । पालिकाले वडाहरुमा नगदी रसिद काटिएको अवस्थामा पनि पालिकाको राजश्व शाखाबाट आम्दानी तथा बैंक दाखिलाको दैनिक भिडान गर्ने गरेको नदेखिएकाले यथार्थ आम्दानी तथा दाखिला भिडान हुन सक्ने देखिएन ।पालिकाले मलेप फा.नं. ९०४ बमोजिमको रसिद नियन्त्रण खाता नराखेकाले वडा सचिवहरु सँग विगतमा लिएका रसिद ठेलीहरु पालिकाले बुझेको देखिएन, यसले गर्दा राजश्व संकलनमा अनियमितता हुन सक्ने देखियो । यसका लागि पालिकाले आवश्यक छानविन गर्नुपर्ने देखियो । त्यसैगरी, पालिका मातहतका वडा कार्यालयहरुबाट प्राप्त गरेको राजश्व पालिकाको संचित कोषमा दाखिला गरेको हुनुपर्दछ । पालिकाको देहायका वडाका जिम्मेवार कर्मचारीहरुले संकलन गरेको राजश्व घटी तथा ढिला दाखिला गरेको देखिएकाले प्रचलित कानून बमोजिम १० प्रतिशत जरिवाना सहित असुल गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>क्र.स.</th><th>कर्मचारीको नाम</th><th>ढिला दाखिला रकम</th><th>जरिवाना</th></tr>
<tr><td>१</td><td>श्री जयपाल विश्वकर्मा</td><td>५४५१०</td><td>५४५०</td></tr>
<tr><td>२</td><td>श्री सुभद्रा अर्याल</td><td>८७८५०</td><td>८७८५</td></tr>
<tr><td>३</td><td>श्री सन्तोष ज्ञवाली</td><td>१३५५००</td><td>१३५५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२७७८६०</td><td>२७७८५</td></tr>
</table>
✂ .... मिति २०७९-१२-१५ मा श्री सन्तोष ज्ञवाली को 13550.00 सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको मिति २०७९-१२-१५ मा श्री सुभद्रा अर्याल को 8785.00 सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>कर तथा शुल्क असुलीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकाले असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।	
१२.४			आन्तरिक आयः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५, दफा २७ बमोजिम कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपेने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तोकिए बमोजिमका म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरेको छैन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्नानुसार फारामहरु अनिवार्य प्रयोग गरी राजश्वको लेखा राख्नु पर्दछ । • नगदी प्राप्ति रसिद म.ले.प फाराम नं. १०१ • दैनिक राजश्व/आम्दानी खाता म.ले.प फाराम नं. १०२ • राजश्व/आम्दानीको शिर्षकगत खाता म.ले.प फाराम नं. १०४ • राजश्व/आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५ • राजश्व/आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६ • राजश्व/आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७ त्यसैगरी, मलेप फा नं ९०४ बमोजिमको रसिद नियन्त्रण खाता पालिकाले नराखेकाले गत विगत वर्षको ठेलीको अवस्था के-कस्तो छ यकिन गर्न सकिएन । यसले गर्दा पालिकाको आन्तरिक आय संकलनमा अनियमितता हुने सम्भावना रहेकाले पालिकाले यस सम्बन्धमा ध्यान दिन अन्त्यन्तै जरुरी देखिन्छ ।	
१३			**कानून निर्माण एवं कार्यान्वयन**	
१३.१			कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ५ वटा नियमावली, ३५ कार्यविधि र ५ वटा मापदण्ड तथा अन्य कानुन गरी	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			६२ वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस पालिकाले आवश्यक अन्य कानून निर्माण गरेको छैन् । तसर्थ, आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१३. २			न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी रहेको १५ र यो बर्ष थप भएको ५० गरी कुल ६५ विवाद दर्ता भएकोमा २८ वटा मात्र फर्छ्यौट भई ३७ विवाद फर्छ्यौट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
१४			**सम्पत्ति उपयोग र संरक्षण**	
१४. १			सम्पत्ति हस्तान्तरण र अभिलेखः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ ।	
१४. २			सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगः पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४.३			सम्पत्ति व्यवस्थापन र सुरक्षाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन । तसर्थ, नियमावली बमोजिम जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ । त्यसैगरी, जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान लिलाम गर्नु पर्नेमा गरेको देखिएन, म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको देखिएन, म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन । त्यस्तै स्थानीय तह भित्रका सरकारी, एलानी तथा प्रति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत नगरेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश म.ले.प.फारम नं ४१४ स्वीकृत गराई र मर्मत अभिलेख म.ले.प.फारम नं ४१५ मर्मत गर्नुपर्दछ । तसर्थ, पालिकाले कानूनले तोकेबमोजिम सवारी साधन सञ्चालन लगबुक तथा सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राख्नुपर्दछ ।	
१५			**आर्थिक सहायता र अन्य विविध खर्च**	
१५.१			विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु. ३३३५९४८ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१५.२			आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्ने पाउने व्यवस्था रहेको देखिदैंन । तर पालिकाले यस वर्ष १०० जनालाई रु ६००००० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता वितरणका लागि कार्यविधि स्विकृत गरेर ठोस आधारमा सहायता दिने व्यवस्था लागु गरी दिने तथा आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**स्थानीय भत्ता** स्थानीय भत्ताः अर्थ मन्त्रालयको मिति २०७१।४।२ गतेको परिपत्रमा उल्लिखित नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।३।२९ को निर्णयानुसार २०७१।४।१ देखि लागू हुने गरी स्वीकृत गरेको अनुसूची १ देखि ९ सम्मको नयाँ तलवमान, अनुसूची १० को स्थानीय भत्ताको दर तोकिएको थियो । सो अन्तर्गत अनुसूची १० ले गुल्मी जिल्लालाई 'घ' वर्गको जिल्लामा रहेको तथा 'ङ' वर्गका जिल्लाहरुले स्थानीय भत्ता नपाउने उल्लेख गरेको छ । त्यसैगरी, अर्थ मन्त्रालयको मिति २०७१।५।२ गतेको परिपत्रमा मन्त्रिपरिषद्को मिति २०७१।४।२९ गतेको निर्णयबाट संशोधन गरी स्थानीय भत्ता प्रयोजनको लागि मिति २०७१।३।२९ गते भएको निर्णयको सट्टा साविक बमोजिमको वर्गिकरण कायम गर्ने उल्लेख गरेको छ । सो सम्बन्धमा अनुसूची ४ अनुसार २०७१ साउन १ गते देखी लागु हुने स्थानीय भत्ताको मासिक दर उल्लेख गरिएको छ । लेखापरीक्षणका क्रममा स्थानीय तहका कर्मचारीले २०७१।४।२ गतेको परिपत्रका आधारमा गुल्मीलाई 'घ' वर्गको जिल्ला मानेको देखियो जसमा 'ङ' वर्गका जिल्लाहरुले स्थानीय भत्ता नपाउने उल्लेख गरेको छ तर स्थानीय भत्ता भने २०७१।५।२ गतेको परिपत्रका अनुसार लिएको देखियो । २०७१।५।२ गतेको परिपत्रले भने 'ङ' वर्गका जिल्लाहरुले स्थानीय भत्ता पाउने उल्लेख गरेको छ । यस अर्थमा नेपालका सम्पूर्ण जिल्लाका कर्मचारीले स्थानीय भत्ता पाउने देखियो । पालिकाका कर्मचारीहरुलाई वर्षभरीको कम स्थानीय भत्ता भनी आषाढ महिनामा खर्च लेखेको पाइयो । मिति २०७१।५।२ गतेको परिपत्र अनुसार साविक बमोजिमको बर्गिकरण कायम गर्ने भनेकोमा साविकको वर्गिकरण कुन हो भन्ने ठोस प्रमाण बिना राष्ट्रलाई अत्याधिक आर्थिक भार पर्ने गरी लिएको स्थानीय भत्ता पाउने ठोस आधार पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने	३३१,५५०

कर्मचारीको नाम	तह।श्रेणी	भत्ता दर 'घ' वर्ग २०७१।५।२।अनुसार	भत्ता दर 'घ' वर्ग २०७१।४।२।अनुसार	बढी रकम	आषाढमा थप भुक्तानी
श्री नारायण महत	छैठौ	३९४०	१२९०	२६५०	३१८००
श्री शेर बहादुर खड्का	छैठौ	३९४०	१२९०	२६५०	३१८००
श्री भिम प्रसाद पोखरेल	पाँचौ	३२१०	९३०	२१८०	२७३६०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>श्री जयपाल विश्वकर्मा</td><td>पाँचौ</td><td>३२१०</td><td>९३०</td><td>२१८०</td><td>२७३६०</td></tr>
<tr><td>श्री सन्तोष ज्ञवाली</td><td>पाँचौ</td><td>३२१०</td><td>९३०</td><td>२१८०</td><td>२७३६०</td></tr>
<tr><td>श्री तुलसी बहादुर थापा</td><td>चौथो</td><td>२७६०</td><td>६९०</td><td>२०७०</td><td>२३२००</td></tr>
<tr><td>श्री अशोक कुमार खड्का</td><td>छैठौ</td><td>३९४०</td><td>१२९०</td><td>२६५०</td><td>३१८००</td></tr>
<tr><td>श्री सुभद्रा अर्याल</td><td>पाँचौ</td><td>३२१०</td><td>९३०</td><td>२१८०</td><td>१५९६०</td></tr>
<tr><td>श्री सुनिल महत</td><td>पाँचौ</td><td>३२१०</td><td>९३०</td><td>२१८०</td><td>२७३६०</td></tr>
<tr><td>श्री किसान थापा</td><td>पाँचौ</td><td>३२१०</td><td>९३०</td><td>२१८०</td><td>२७३६०</td></tr>
<tr><td>श्री कृष्णा थापा मगर</td><td>चौथो</td><td>२७६०</td><td>६९०</td><td>२०७०</td><td>२३२००</td></tr>
<tr><td>श्री भिमकान्त शर्मा रेग्मी</td><td>चौथो</td><td>२७६०</td><td>६९०</td><td>२०७०</td><td>२३२००</td></tr>
<tr><td>मदन जि.सी</td><td>चौथो</td><td>२७६०</td><td>६९०</td><td>२०७०</td><td>१३७९०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३३१५५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कम कर दाखिला</td><td>२५,११०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कम कर दाखिलाः आयकर ऐन, २०५८ को दफा ८७ अनुसार आयमा करकट्टी गर्नुपर्ने व्यवस्था गरेको छ । गो.भौ.नं. ७१-२०७९।१०।५ मा जनाधार मिडिया प्रा.लि. लाई जनचेतनामूलक कार्यक्रम संचालनका लागि सडक नाटक प्रहसन कार्यक्रममा कलाकारहरुलाई १५% पारिश्रमिक कर कट्टा गरी पारिश्रमिक प्रदान गर्नुपर्नेमा अग्रिम करकट्टा मात्र गरेकोले बाँकी रकम असूल गर्नुपर्ने
<table>
<tr><th>कलाकारको नाम</th><th>रकम</th><th>करकट्टा गर्नुपर्ने</th><th>करकट्टा भएको</th><th>बाँकी रकम</th></tr>
<tr><td>श्री रोहीत कार्की</td><td>३००००</td><td>४५०००</td><td>४५०</td><td>४०५०</td></tr>
<tr><td>श्री सुमन पाण्डे</td><td>२७०००</td><td>४०५०</td><td>४०५</td><td>३६४५</td></tr>
<tr><td>श्री मायाँ रायमाझी</td><td>२७०००</td><td>४०५०</td><td>४०५</td><td>३६४५</td></tr>
<tr><td>श्री रोहित वयलकोटी</td><td>२७०००</td><td>४०५०</td><td>४०५</td><td>३६४५</td></tr>
<tr><td>श्री मन्जीता खनाल</td><td>२४०००</td><td>३६००</td><td>३६०</td><td>३२४०</td></tr>
<tr><td>श्री लक्ष्मी थापा</td><td>२४०००</td><td>३६००</td><td>३६०</td><td>३२४०</td></tr>
<tr><td>श्री गोविन्द वस्नेत</td><td>१५०००</td><td>२२५०</td><td>२२५</td><td>२०२५</td></tr>
<tr><td>श्री विचिया कुँवर</td><td>१२०००</td><td>१८००</td><td>१८०</td><td>१६२०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२५११०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>पदाधिकारी सुविधाः लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु. १७८८००८/-, टेलिफोन</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तथा मोवाइल रु. ८७४०००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. ९६६२००/-, जनसम्पर्क विशेष कार्यसुविधा रु. १५१४०००/-, अतिथि सत्कारमा रु. ४११०००/-, खानेपानी र सरसफाईमा रु. १११०००/-, मर्मत सम्भारमा रु. १११००० र चाडपर्व खर्चमा रु. २७१०००/- समेत रु. ६०४६२०८/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.६०४६२०८/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको एकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
१९			पदाधिकारी दोहोरो सुविधाः स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ४(३) मा पदाधिकारीलाई सवारी साधन उपलब्ध गराएको अवस्थामा यातायात सुविधा नपाउने व्यवस्था छ । उपाध्यक्ष विमला के.सी लाई लु.१.ब २१५८ नं को मोटरसाइकल र यातायात सुविधा दुवै उपलब्ध गराएकोले श्रावण देखी चैत्रसम्मको दोहोरो यातायात सुविधा वापतको रकम रु. १०८,००० असुल गर्नुपर्ने	१०८,०००
२०			**कामका लागि प्रारिश्रमिक (युवा रुप)** कामका लागि प्रारिश्रमिक (युवा रुप): सुचिकृत बेरोजगार व्यक्तिई रोजगारीमा संलग्न गराउने उद्देश्यले नेपाल सरकारवाट रु. ३८,००,००० हस्तारण भई रु. ३३,२०,०१५ खर्च भएकोमा निम्न पाईयो । 1. वार्षिक कार्यक्रममा समावेश नगरी आयोजना छनौट गरेको: कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को वुदाँ नं. ७ मा प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरु स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश भएको हुनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले वार्षिक कार्यक्रममा समावेश नगरी (कार्यपालिकाको निर्णय गरेर) रु. ३३,२०,०१५ खर्च गरेको छ । अत: गाँउपालिकाले कार्यविधिको पालना गरी वार्षिक कार्यक्रममा समावेश गरी आयोजना छनौट गर्नुपर्दछ ।	
२१			**शिक्षा**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>विधालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवंम् कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ क्रियकलाप नं. २.७.१३.१३ मा तोकिएको सुचङ्कका आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विधालयलाई कार्य सम्पादनमा आधारित अनुदान बापत रु. ५० हजार र उत्कृष्ट सिकाइ उपलब्धि भएका विधालयलाई सिकाई सुदृढीकरणका लागि प्रोत्साहन अनुदान रु. २ लाख दिनु पर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले सूचङ्कका आधारमा निर्णय नगरेर कार्यपालिकाको निर्णयवाट तोकिएको सूचङ्कका आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विधालय ५ र उत्कृष्ट सिकाइ उपलब्धि भएका विधालयलाई सिकाई सुदृढीकरणका लागि प्रोत्साहन १ विधालयलाई अनुदान वापत रु. ४,५०,००० दिएको पाईयो । अतः गाँउपालिकाले प्रोत्साहन उपलब्ध गराउदा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको मापदण्डको आधारमा उपलब्ध गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>गैर आवासिय छात्रवृत्ती : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । संघिय शशर्त हस्तान्तरण कार्यक्रम वाट गाँउपालिकाले सामुदायिक विद्यालयका विधार्थिलाई छात्रवृत्ती उपलब्ध गराउने उद्देश्यले गाँउपालिका वाट निकासा भएकोमा वितरण को भर्पाई भन्दा वढी निकासा भएको रकम सम्बन्धित विधालय वाट अशुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>जम्मा निकासा रु.</th><th>वितरण गरिएको रु.</th><th>जम्मा गर्नुपर्ने रु</th></tr>
<tr><td>1</td><td>Amarpur OmPrasad Gautam Secondary School, isma Ga pa 6</td><td>51200</td><td>42000</td><td>9200</td></tr>
<tr><td>2</td><td>Saraswati Basic (Lower Sec.)School, isma Ga pa 6</td><td>34400</td><td>24400</td><td>10000</td></tr>
<tr><td>3</td><td>Govinda Ratna Kunwar Loktantrik Basic School, isma Ga pa 6</td><td>12400</td><td>10000</td><td>2400</td></tr>
<tr><td>4</td><td>Gahatera Basic (Primary) School, isma Ga pa 6</td><td>3600</td><td>3200</td><td>400</td></tr>
</table></td><td>१२,४००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

5	Darlamchaur Basic (Primary) School, isma Ga pa 3	6400	2800	3600
6		15600	14400	1200
7	Ram Rajya Secondary School, isma Ga pa 4	61600	60400	1200
8	Palukha Secondary School ,isma Ga pa 2	41600	40800	800
9	Janajyoti Basic School, isma Ga pa 2	10000	9600	400
10	Janata Basic (Primary) School isma Ga pa **2**	4000	3600	400
11	Namuna Basic (Primary) School, isma Ga pa **2**	8000	4000	4000
12	Jukepani Pra V, isma Ga pa 1	2400	2000	400
13	Himalaya Secondary School, isma Ga pa 1	41200	33600	7600
14	Bhagawati Basic (Primary) School, isma Ga pa 5	1200	800	400
	जम्मा			42000

✂ ……………………… मिति **२०७९-१२-१८** को निर्णयानुसार **7600.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **400.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **9200.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **400.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **3600.00** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **1200.00** को

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-१८ को निर्णयानुसार 1200.00 को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-१८ को निर्णयानुसार 800.00 को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-१८ को निर्णयानुसार 400.00 को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-१८ को निर्णयानुसार 400.00 को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-१८ को निर्णयानुसार 4000.00 को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-१८ को निर्णयानुसार 400.00 को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको</td><td></td></tr>
<tr><td>२१. ३</td><td></td><td></td><td>दरबन्दी विना शिक्षक नियुक्तीः शिक्षा नियमावली २०५९ को नियम ९८ मा कुनै पनि व्यक्ती वा शिक्षकलाई रिक्त शिक्षक दरबन्दी नरहेको विधालयमा नियुक्ति वा सरुवा गर्नु नहुने र यो व्यवस्था विपतरी कसैले कुनै व्यक्ति वा शिक्षकलाई नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षकको लागि तलब भत्ता वापत खर्च भएको रकम त्यसरी नियुक्ती वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरिने व्यवस्था रहेको छ । तर गाँउपालिकाले शिक्षक दरबन्दी नै नभएका विभिन्न विधालयमा निम्न कार्यक्रम अन्तर्गत निम्न सङ्ख्यामा शिक्षक राखेको छ । गाँउपालिकाले विगतमा शिक्षा कार्यलयबाट नियुक्ति भएका पि• सि• एफ र राहत शिक्षकहरुलाई समेत निरन्तरता दिएको र थप कति शिक्षक आवश्यक पर्ने हो सोको विवरण तयार गरी माग आकृती फारम भरी तालुक कार्यालयमा नपठाई गाँउपालिका शिक्षक सिकाई सहयोग अनुदान शिक्षक कर्मचारी व्यवस्थापन कार्यविधि २०७७ बमोजिम विना आधार र कारण दरबन्दी रिक्त नभएका विधालयमा संघिय अनुदान र पि• सि• एफ कोटा बाहेक शिक्षक नियुक्ती गर्ने कार्य नियमसंगत नभएको देखिन्छ । यसरी निजि शिक्षक राख्दा गाँउपालिकालाई आर्थिक भार पर्दछ । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>शीर्षक</th><th>जम्मा संख्या</th><th>निकासा जम्मा रु</th></tr>
<tr><td>१</td><td>बाल विकास केन्द्र सहजकर्ता गा.पा. अनुदान, UWS शिक्षक, सट्टा शिक्षक अनुदान</td><td>१३</td><td>२७७१९२०</td></tr>
<tr><td>4</td><td>निजी शिक्षक थप २०००</td><td>७९</td><td>१८४४०००</td></tr>
<tr><td>5</td><td>ससर्त बालविकास सहजकर्ता, कर्मचारी थप तलब गा.पा. अनुदान</td><td>९२</td><td>७७१७७३०</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा निकासा १२३३३६५०	
२१.४			दलित छात्रवृत्ति : ✂ .... मिति **२०७९-१२-१८** को निर्णयानुसार **2400.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **400.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **2000.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **2000.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **2000.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **1600.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **2000.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **800.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **400.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **400.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको	०
२१.५			शिक्षकको वढी तलव निकाशा : ✂ .... मिति **२०७९-१२-१८** को निर्णयानुसार **46976.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **33472.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०७९-१२-१८** को निर्णयानुसार **29586.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको	०
२१.६			विधालयमा विज्ञान प्रयोगशाला : कार्यक्रम कार्यान्वयन पुष्तिका २०७८/७९ को क्रियाकलाप नं. ९.८ मा उल्लेख भए बमोजिम विधालयमा विज्ञानका सामाग्रि खरिद गर्नको लागी हिमालय मा.वि मा रु. ६,५०,००० अनुदान उपलब्ध गराएकोमा गाँउपालिकाले अनुगमन गरेको पाईएन । विधालय ले सामाग्रि खरिद गरेको विल गाँउपालिका समक्ष पेश भएको छ । विधालयले खरिद गरि ल्याएको सामाग्री प्रयोग भयो भएन एकीन भएन । अत: गाँउपालिकावाट समय समयमा अनुगमन गरी विधालयमा खरिद सामाग्री र प्रयोग सम्बन्धमा एकिन गर्ने तथा विधालयको शिक्षण गुणस्तर सुधारको लागि खरिद गरिएका सामाग्री समयमै प्रयोग गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.७			सामुदायिक विधालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन : सामुदायिक विधालयका छात्राहरुलाई उपलब्ध गराउने उद्देश्यले यस गाँउपालिकावाट रु. ४,१५,८४० मा १६,००० प्याकेट (प्रति प्याकेट रु. २५.९९) खरिद गरी सवै सामुदायिक विधालयमा १३६७० प्याकेट हस्तान्तरण गरेकोमा निम्न पाईयो । 1. वुझेको भर्पाई पेश नभएको : प्रत्येक विधालय वाट स्यानिटरी प्याड वितरण गरेको भर्पाई पेश भएको पाईएन । विधालयवाट वितरणको भर्पाई पेश नहुदा कार्यविधिमा उल्लेख गरे अनुसार विधार्थिलाई वितरण भयो भएन खुल्दैन । गाँउपालिकाले विधालयवाट वितरण भएको प्याडको भर्पाई माग गरी विधालयलाई हस्तान्तरण भएको र वितरण भएको संख्या एकिन गर्नुपर्दछ ।	
२१.८			विधार्थिको दिवा खाजा : सामुदायिक विधालयको तोकिएको विधार्थिको लागि दिवा खाजा कार्यक्रमको लागि रु. ७६,७९,५५० खर्च भएकोमा निम्न पाईयो । 1. दैनिक हाजिरी विवरण पेश नभएको : कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा गाँउपालिकाले विधालयलाई दिवा खाजा वापतको रकम भुक्तानी दिदा विधार्थिको प्रमाणित दैनिक हाजिरी पेश गरी सो को आधारमा दिनुपर्ने व्यवस्था रहेको छ । विधालयले गाँउपालिका समक्ष रकम माग गर्दा विधार्थिको समष्टिगत हाजिरी विवरण पेश गरेर माग गरेको छ । यस विवरण अनुसार विधार्थिको दैनिक उपस्थिति खुल्दैन तथा कुन कुन दिन विधालय खुलेको र उक्त दिनमा कति विधार्थि हाजिरी भए सो विवरण खुल्दैन । यसरी समष्टिगत विवरण पेश गर्दा विधालय खुलेको दिन भन्दा वढी दिनको भुक्तानी हुन सक्ने तथा उपस्थित विधार्थि भन्दा वढी भुक्तानी हुन सक्दछ । गाँउपालिकाले दिवा खाजा वापतको रकम भुक्तानी गर्दा प्रमाणीत दैनिक हाजिरी विवरण अनुसार मात्र विवरण तयार गरी भुक्तानी दिनु पर्दछ । 2. नगद भुक्तानी : विधालय दिवा खाजा व्यवस्थापन सहयोगी पूस्तिका, २०७७ अनुसार वालवालिकाको वृद्दि, विकास र सिकाईको लागि पौष्टिक खाजा तथा खाना उपलब्ध गराउने उदेश्यले यो कार्यक्रम संचालन भएको हो । त्यस्तै उक्त पूष्तिकाको अनुसुचि १ मा विधालयले उपलब्ध गराउने खाना तथा खाजाको व्यवस्था गरेको छ र विधालयले सोही अनुसुचि भित्रका खाजा तथा खाना उपलब्ध गराउनुपर्ने व्यवस्था छ । विधालयले दिवा खाजा अन्तर्गत खाजा उपलब्ध नगराइ विधार्थिलाई नगद प्रदान	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरेको भर्पाई पेश भएको छ । विधार्थिलाई नगद वितरण गर्दा विधार्थिले प्याकिङ र स्वास्थ्यमा प्रतिकुल असर पर्ने खाध्यान्न समेत प्रयोग गर्न सक्ने संभावना रहन्छ । विधालयले विधार्थिलाई नगद उपलब्ध नगराई कार्यविधिमा उल्लेख गरे अनुसार नै खाजा तथा खाना उपलब्ध गराउनु पर्दछ ।	
२२			**कृषि तर्फ**	
२२.१			आलु बालिको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम : आलु पकेट विकास गर्ने उदेश्यले कृषकलाई अनुदान उपलब्ध गराउने उदेश्यले गाँउपालिकाको वडा नं. २ को छल्दिटारी कृषि तथा पशुविकास महिला सहकारी लाई रु. ८,११,६२८.८७ अनुदान उपलब्ध गराएकोमा निम्न पाईयो । 1. अनुगमन मूल्यांकन नगरेको : प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल ४.१.१३ मा कार्यक्रम कार्यान्वयन गरिएको पकेटको अनुगमन र मूल्यांकन गरि प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेको छ । यो आयोजना वढीमा २ वर्ष संचालन गर्ने व्यवस्था रहेको छ । दोस्रो वर्ष अनुदान उपलब्ध गराउदा गत आ.व मा संचालन भएका पकेट क्षेत्र निरन्तरता कार्यक्रम संचालन हुने व्यवस्था रहेको छ । यसरि दोस्रो वर्ष समेत कार्यक्रम कार्यान्वयन हुने भएकोले विउ वितरण अनुसार उत्पादन भयो या भएन, अर्को आर्थिक वर्षमा निरन्तरता दिन उपयुक्त छ या छैन गाँउपालिका बाट मूल्यांकन गरी प्रतिवेदन गर्नुपर्दछ । गाँउपालिकावाट यस आर्थिक पकेट संचालन गरेको क्षेत्रको उत्पादन तथा वजार व्यवस्थापनको क्षेत्रमा अनुगमन तथा मुल्यांकन गरेको पाईएन । गाँउपालिकाले अनुगमन र मुल्यांकन गरी कार्यक्रमको प्रभावकारीता विश्लेषण गर्नुपर्दछ ।	
२२.२			लामडाँडा लसुन खेति प्रवर्द्धन कार्यक्रम : लसुन खेति प्रवर्द्धन गर्ने उद्देश्यले लामडाडा कृषक समूह संग रु. ५०,००० हजारको सम्झौता भएकोमा गाँउपालिकावाट कार्यदेश दिदा उपभोक्ता वाट रु. २१,५०० को लागत साझेदारी हुने भनि उल्लेख गरेको छ । कृषक समुह वाट रु. ४९,४०० को विल पेश भएको छ । गो.भौ.नं. ९/२०७९/०२/०४ वाट गाँउपालिकाले उक्त कृषक समुह लाई रु. ४८,५०० भुक्तानी दिएको छ । कृषक समुहले लागत साझेदारी गरेको देखिदैन । कृषकले पेश गरेको विल भन्दा रु. ९०० मात्र घटी दिएकोले सम्झौता अनुसारको आनुपातिक रकम कट्टा गरेको छैन । अतः कृषक समुहले लागत साझेदारी कायम गर्नुपर्ने रकम अशुल हुनुपर्ने रु.	२०,६००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**स्वास्थ्य तर्फ वढी ग्रेड भुक्तानी** ✂ .... मिति **२०७९-१२-१५** मा **पदम लाल अधिकारी** को **16471.00** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१५** मा **समसुल हक मिया** को **16471.00** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१५** मा **चेत नारायण खनाल** को **26182.00** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१५** मा **गङ्गा पाण्डे** को **13091.00** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१५** मा **रेखा भण्डारी मरासिनी** को **13091.00** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१५** मा **रमेश मरासिनी** को **26182.00** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१५** मा **टिका कुमारी शाहि** को **26182.00** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१५** मा **गोकर्ण बहादुर थापा** को **26182.00** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०७९-१२-१५** मा **गंगा शर्मा** को **26182.00** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको	०
२४			**सामाजिक सुरक्षा**	
२४. १			लाभ ग्राहिको विवरण अधावधिक गर्नुपर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ मा स्थानिय निकायले समय समयमा लाभग्राहिको अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । सामाजिक सुरक्षा भत्ताको नाम नामेसी तयार पार्दा कुनै कुनै लाभग्राहिको दोहोरो नाम परेको देखिन्छ । तर दोहोरो नाम परेको भेटीएमा गाउपालिकाले सामाजिक सुरक्षा भत्ता दोहोरो नदिएको सम्वन्धित शाखाको प्रमुखको भनाई रहेको छ । गाउँपालिको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शाखाले दिएको जानकारी अनुसारआ.व २०७८/७९ मा ७ जना लाभग्राहिको नाम दोहोरो परेको तर गाँउपालिकाले लाभग्राहिको दोहोरो भुक्तानी रोकेको छ । अत: गाउपालिकाले समयमै लाभग्राहिको नाम नामेसीको रुजु गरी अधावधिक गर्नुपर्दछ ।	
२४. २			निष्क्रिय खाता संख्या र रकम सम्बन्धमा एकिन गर्नुपर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुचि १० मा वैंकले निश्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र गाउँ वा नगरपालिकालाई जानकारी दिनुपर्ने व्यवस्था रहेको छ । यस मालिका गाउँपालिकाले वैंक अफ काठमाण्डौं र साइन रेसुङ्गा डेभलपमेन्ट वैंक सँग सम्झौता गर्दा निश्कृय खाताको विवरण गाउँपालिकालाई जानकारी गराउने तथा निश्कृय खाताको रकम फिर्ता गर्ने सम्झौता गरेकोमा हाल सम्म यस्तो विवरण वैंक वाट प्राप्त नभएको तथा गाँउपालिकाले यस सम्बन्धमा अनुगमन गरेको पाईएन । लाभग्राहीको निष्क्रिय खाता संख्या र रकम सम्बन्धमा एकिन भएन । अत: गाँउपालिकावाट लाभग्राहिको खाताको विवरण अधावधिक सम्बन्धि समय समयमा अनुगमन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४.३			वितरण तथा फिर्ता : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ मा भत्ता वितरणको समय मात्रै उल्लेख गरेको छ । वाँकी भत्ता फिर्ताको व्यवस्था रहेको छैन । यसै गरी गाँउपालिकाले बैंक सँग सम्झौता गर्दा फिर्ता समय उल्लेख गरेको छैन । बैंकले मौज्दातमा रहेको रकमको व्याज सहित फिर्ता गरेको छैन । गाँउपालिकाले बैक सँग सम्झौता गर्दा गाँउपालिकाबाट निकासा भएपछी कति दिन भित्र लाभग्राहिको खातामा रकम राखिदिने र बाँकि रहेको कति दिन भित्र फिर्ता गर्ने उल्लेख गरेको छैन । बैंकले वितरण गरेर रहेको बाँकी रकम अर्को किस्तामा मिलान गर्ने भनि सम्झौता भएको पाईन्छ । अगाडीको किस्तामा वितरण गरेर बाँकी रहेको रकम अर्को किस्तामा समायोजन गरेको छ । सामाजिक सुरक्षाको ठुलै रकम खाता मा निष्कृय भई बैंकमा रहन सक्ने अवस्था रहन्छ । तसर्थ गाँउपालिकाले बैक संग सम्झौता गर्दा बैंकमा भुक्तानी दिएको दिन वाट कति दिन भित्र लाभग्राहिको खाता रकम हाल्ने, बाँकी रकम कति दिन भित्र फिर्ता गर्ने र बैंकले कति व्याजदर दिने स्पष्ट सम्झौता गर्नुपर्दछ ।	
२५			**कामका लागि पारिश्रमिक अनुदान प्रधानमन्त्रि रोजगार कार्यक्रम** कामका लागि पारिश्रमिक अनुदान प्रधानमन्त्रि रोजगार कार्यक्रम : स्थानीय निकायले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारमा संलग्न गराउन नेपाल सरकारवाट रु. ८३,३७,००० विनियोजन भई रु. ८२,०५,५६६ खर्च भएको मा निम्न पाईयो । 1. तोकीए बमोजिमको रोजगारको सुनिश्चित : कामका लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को वुदाँ नं. ५ (३) मा प्रधानमन्त्रि रोजगार कार्यक्रमवाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचिको पहिलो प्राथमिकता क्रममा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चित गर्नुपर्ने व्यवस्था रहेको मा गाँउपालिकावाट बेरोजगार व्यक्तिलाई पचास दिनको मात्र रोजगार प्रदान गरेको पाईयो । अत: गाँउपालिकाले कार्यविधिमा उल्लेख गरे बमोजिम वेरोजगार व्यक्तिलाई तोकिएको दिनको रोजगारीको सुनिश्चित गर्नुपर्दछ । 2. तोकीए बमोजिमको रोजगारको सुनिश्चित : कामका लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को वुदाँ नं. ५ (३) मा प्रधानमन्त्रि रोजगार कार्यक्रमवाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचिको पहिलो प्राथमिकता क्रममा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चित गर्नुपर्ने व्यवस्था	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रहेकोमा गाँउपालिकावाट बेरोजगार व्यक्तिलाई पचास दिनको मात्र रोजगार प्रदान गरेको पाईयो । अत: गाँउपालिकाले कार्यविधिमा उल्लेख गरे बमोजिम वेरोजगार व्यक्तिलाई तोकिएको दिनको रोजगारीको सुनिश्चित गर्नुपर्दछ ।	
२६			**औषधि खरिद**	
२६.१			**औषधि खरिद :** गाँउपालिकाले संघिय शशर्त र प्रदेश शशर्त र स्थानिय गरी रु. २६,२७,८८३ खरिद गरेकोमा निम्न पाईयो । 1. **सोझौ खरिद गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक दश लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै नियम ८५ (१) मा बिस लाख सम्मको औषधिजन्य सामाग्री खरिद गर्न सक्ने व्यवस्था रहेको छ । गाँउपालिकाले यस आर्थिक वर्षमा ठेक्कावाट र रु. ८,९१,०६४ र सोझै खरिद वाट रु. १७,३६,८१९ गरी जम्मा रु. २६,२७,८८३ खरिद गरेको पाईयो । गाँउपालिकाले एउटै आपूर्तिकर्तावाट विभिन्न मितिमा सोझै खरिद गरेको पाईयो । गाँउपालिकाले कानुन विपरीत टुक्रा पारि खरिद गरेको रकम नियम संगत नदेखिएको रु	१,७३६,८१९
२६.२			**निशुल्क वितरण को छाप लगाउनुपर्ने :** गाँउपालकाले चिराग फार्मेशी, सरण फार्मेशी संग खरिद सम्झौता गर्दा निःशुल्क वितरण गरीएको छाप लगाउने सम्बन्धि सम्झौता भएको पाईदैन । गाँउपालिकाले निम्न मितिमा निम्न सप्लार्यस वाट निम्न औषधि औषधि खरिद गरेको पाईयो । औषधि खरिद गर्दा **institutions supply** मात्र लेखेको र मुल्य उल्लेख नभएको छ । **institutions supply** को अर्थ समेत स्पट छैन साथै अर्थ सर्वसाधारण ले वुझ्न कठिनाई हुने देखिन्छ । यसरी निःशुल्क वितरणको प्रस्ट छाप नहुदा व्यवसायीक प्रयोजनको लागि पनि प्रयोग हुन सक्छ । स्पष्ट बुझिने गरी इस्मा गाँउपालिकावाट निःशुल्क वितरित उल्लेख गर्ने शर्त राखी खरिद सम्झौता गर्ने र सोही अनुसार औषधि खरिद हुनु पर्दछ । औषधि खरिद गर्दा कार्यलयले ध्यान दिनुपर्दछ ।	
२७			**लेन्थ वर्कर र अध्यक्ष रोजगार खर्च**	९,३१३,६३४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लेन्थ वर्कर र अध्ययक्ष रोजगार खर्चः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख हुन्छ । त्यस्तै, दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतबाट वा उपभोक्ता समितिबाट काम गराउन सकिने उल्लेख छ । त्यसैगरी, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत काम गराउन सकिने व्यवस्था छ । पालिकाले आफ्नो कार्यक्षेत्रका बाटाघाटाहरुको नामाकरण गरी अभिलेख समेत नराखेको अवस्थामा ५२ जना लेन्थ वर्कर राखी खर्च गर्न नियमसम्मत देखिएन । यस वर्ष पालिकाल् लेन्थवर्करको रु. ९३,१३,६३४ खर्च लेखेको छ । त्यसैगरी पालिकाले अध्यक्ष रोजगार कार्यक्रम मार्फत लागत अनुमान तयार नगरी २९५ जनालाई ३० दिन रोजगारी प्रदान गरी ६० लाख खर्च लेखेको छ । पालिकाले लेन्थ वर्करबाट के-कति कार्य भएको हो सोको मूल्यांकन समेत नगरी खर्च लेखेको छ । पालिकाको ठूलो रकम विभिन्न वितरणमूखी क्षेत्रमा खर्च गर्नाले पालिकाको दिर्घकालिन विकासमा बाधा पुर्र्याउनुका साथै पालिकालाई ठूलो आर्थिक भार पर्ने देखिन्छ । यस्तो कार्यमा सुधार गरिनुपर्दछ ।	
२८			**रकमान्तर** रकमान्तर : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु. ५०५९६८८ रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।	
२९			**जग्गा खरिद, कोष कट्टी, नीति तथा कार्यक्रम**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>प्रदेश सशर्त वाट मर्मत संभार कोष कट्टी

✂ .... मिति २०७९-१२-१५ को निर्णयानुसार 250000.00 को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको</td><td>०</td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>जग्गा खरिद : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । मिति २०७९।०१।०७ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मुआब्जा निर्धारण समितिको बैठक वसी जीवराज आश्रीत बहु-प्राविधिक शिक्षालय भवन निर्माणको लागि मुआब्जा दर निर्धारण गरेको छ । निर्धारित दर अनुसार पालिकाले गो.भौ. २१९।०७९।०१।२३ वाट रु ४०,००,०००।०० र गो.भौ. २७७।०७९।०३।१६ वाट रु १०,५०,०००।०० जग्गा खरिद प्रयोजनको लागि जिल्ला प्रशासन कार्यालयलाइ भुक्तानी भएको छ । मुआब्जा वापत पालिकाले जिल्ला प्रशासन कार्यालयलाई रु ५०,५०,५००।०० भुक्तानी दिएकोमा रु २८,६४,५००।०० को जग्गा दर्ता प्रमाण पुर्जा गाउँपालिकाको नाममा आइसकेको र निम्नानुसारको जग्गा गाउँपालिकाको नाममा आउन वाँकी रहेकोले उक्त जग्गा गाउँपालिकाको नाममा आएको सक्कल जग्गा दर्ता प्रमाण पुर्जा पेश हुनुपर्ने रु......
<table>
<tr><td>जग्गा धनीको नाम</td><td>क्षेत्रफल</td><td>कित्ता नं.(वडा नं. ५)</td><td>मूल्य</td></tr>
<tr><td>गंगे कुमाल</td><td>२-१२-०-०</td><td>९७३</td><td>२,७५,०००</td></tr>
<tr><td>सावित्रा पाण्डे</td><td>४-६-०-३</td><td>१४०६</td><td>४,३९,०००</td></tr>
<tr><td>गुणनिधी पाण्डे</td><td>२-६-१-०</td><td>१४०५</td><td>२,३९,०००</td></tr>
<tr><td>टोप व. सार्की</td><td>३-०-०-०</td><td>९७०, ९७५</td><td>३,००,०००</td></tr>
<tr><td>खिमकली पाण्डे</td><td>६-८-२-१</td><td>१०२४</td><td>६,५४,०००</td></tr>
<tr><td>जिते कुमाल</td><td>२-१२-२-३</td><td>९७४</td><td>२,७९,०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२१,८६,०००</td></tr>
</table></td><td>२,१८६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९.३</td><td></td><td></td><td>वार्षिक नीति तथा कार्यक्रम : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले वार्पिक नीति तथा कार्यक्रम तर्जुमा तथा स्वीकृत गर्नुपर्न व्यवस्था रहेको छ । प्रदेश समपूरक र संघीय समपूरक तथा शसर्तका कार्यक्रमहरु पालिकाको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरीएको छैन् । प्रदेश र संघवाट प्राप्त समपूरक र शसर्त अनुदानवाट संचालित हुने कार्यक्रम वार्षिक नीति तथा कार्यक्रम संचालन हुने कार्य वजेटको सिद्धान्त विपरीत देखिन्छ । पालिकालाई प्राप्त हुने सवै अनुदान वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.४</td><td></td><td></td><td>कोभिड १९ महामारीवाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यक्रम : सरकारी रकम खर्च गर्दा उत्पादनमुलक, रोजगारमुलक क्षेत्रमा लगानी गरिनु पर्दछ । पालिकावाट यस बर्ष कोभिड प्रभावितलाई प्रति परिवार रु १०,०००|०० का दरले ४१३ परिवारलाई रु ४१,३०,०००|०० भुक्तानी भएको छ । यस्तो अनुत्पादक र वितरणमुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>सवारी साधन मर्मत तथा इन्धन खर्च</td><td></td></tr>
<tr><td>३०.१</td><td></td><td></td><td>निजि सवारी साधन मर्मत गरेको: पालिकाले मलेप फा.न. ९०६ बमोजिम सवारी साधन र मेसिनरीको मर्मत अभिलेख राख्ने र अद्यावधिक गर्नुपर्नेमा पालिकाले सवारी साधन र मेसिनरीको मर्मत अभिलेख राखेको छैन । त्यसैगर यस गाँउपालिकावाट निजि सवारी साधन मर्मत वापत रु. १६५३३० खर्च लेखिएको छ । यसले पालिकाको आर्थिक भार बढाउँदछ ।
<table>
<tr><td>क्र.म</td><td>सवारी साधन नं.</td><td>कर्मचारीको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>लु ३२ प ४७७३</td><td>लाल बहादुर कुँवर</td><td>९९००</td></tr>
<tr><td>२</td><td>लु ३६ प ८४१३</td><td>होमा कुमाल</td><td>२६१५०</td></tr>
<tr><td>३</td><td>लु १९ प ४०४५</td><td>पदमलाल अधिकारी</td><td>३८५०</td></tr>
<tr><td>४</td><td>लु ५१ प ९६५२</td><td>गणेश कुवँर</td><td>९८००</td></tr>
<tr><td>५</td><td>लु ५६ प ३९२०</td><td>बलाराम खनाल</td><td>१००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>लु ५६ प १२९१</td><td>हरी प्रशाद घिमिरे</td><td>९२००</td></tr>
<tr><td>७</td><td>लु २२ प ९४९६</td><td>रमेश मरासिनी</td><td>१७५००</td></tr>
<tr><td>८</td><td>लु ८ प ६८७४</td><td>समसुल हकमिया</td><td>१६५५०</td></tr>
<tr><td>९</td><td>लु ५६ प ३२५१</td><td>शेर बहादुर खड्का</td><td>६५००</td></tr>
<tr><td>१०</td><td>लु ५६ प २४९४</td><td>त्रिविक्रम खत्री</td><td>३५००</td></tr>
<tr><td>११</td><td>लु ५३ प ३६५७</td><td>हिमाल घर्ति</td><td>५०५०</td></tr>
<tr><td>१२</td><td>लु ३७ प ६८९६</td><td>मदन जि सी</td><td>३६००</td></tr>
<tr><td>१४</td><td></td><td>अशोक के सी</td><td>१०५०</td></tr>
<tr><td>१५</td><td>लु ५८ प ३८१५</td><td>सागर पाण्डे</td><td>१३२९०</td></tr>
<tr><td>१६</td><td>लु ४६ प ४६६९</td><td>मनोज नेपाली</td><td>२५००</td></tr>
<tr><td>१७</td><td>प्र ३ ०२००२प १४०६</td><td>लक्ष्मण घर्ति</td><td>५६००</td></tr>
<tr><td>१८</td><td>लु ६८ प ३८४३</td><td>सुनिल महत</td><td>३७००</td></tr>
<tr><td>१९</td><td>लु १६ प ५५०७</td><td>रेशम कार्की</td><td>१८००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१६५३३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>इन्धन : पालिकाले मलेप फा.नं. ९०५ बमोजिम सवारी साधन सञ्चालन लगवुक राख्ने र अद्यावधिक गर्नुपर्नेमा सो नगरी पालिवाट इन्धन वापत जम्मा रु ३०,९८,५५० खर्च लेखेको छ । पालिकामा इन्धन तथा सवारी साधन सञ्चालनको लगवुक तयार नगरी लेखेको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खर्चले इन्धन कहाँ कति खर्च भयो विवरण छैन । विल को आधारमा खर्च लेखेको छ । यस्तो कार्यमा सुधार गरी इन्धन तथा सवारी साधन सञ्चालनको लगवुक राख्नुपर्दछ ।	
३१			**लागत अनुमान तयार नगरी खरिद** लागत अनुमान तयार नगरी खरिद गरेको : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै खरिद सम्बन्धमा गाँउपालिकावाट कुनै कानुनी प्रावधान उल्लेख गरेको पाईएन । गाँउपालिकाले तोकिएको लागत भन्दा वढी खरिद गर्दा लागत अनुमान तयार नगरी खरिद गरेको छ । गाँउपालिकाले खरिद कार्य गर्दा कानूनको परिपालना गरि गर्नुपर्दछ । गाँउपालिका बाट लागत अनुमान तयार नगरी खरिद गरेको केही उदाहरण निम्न छन् ।	

क्र.म	खर्च शिर्षक	खरिद सामाग्री	खरिद मुल्य
१	किसान सुचिकरण	ल्यापटप ट्याबलेट	२६५०८८
२	गरिबि निवारणका लागि लघु उधम विकास	दुन टपरी मेशिन	३२००००
३	बन्यजन्तु विपत वाट कृषिमा भएको क्षति	क्लोरो पाइरिफस विषादी	२९५०००
४	ए आइ मिसन कार्यक्रम	नाईट्रोजन ए आइ गन	२७००००
५	मागमा आधारीत अन्न तथा फलफुल विउ वितरण कार्यक्रम गा पा	विभिन्न तरकारीको विउ	४९९७००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>पशुपक्षीं खोप र औषधि</td><td>खोप तथा औषधि</td><td>४९९९९०</td></tr>
<tr><td>७</td><td>कोभिड अस्पताल सामाग्री खरिद</td><td>विभिन्न औषधि तथा सामाग्री</td><td>५२८६६४</td></tr>
<tr><td>८</td><td>औषधि खरिद स्वास्थ्य</td><td>विभिन्न औषधि</td><td>४७५२२१</td></tr>
<tr><td>८</td><td>स्वास्थ्य संस्थामा सिसि टिभि जडान</td><td>सिसि टिभि डिजिटल बोर्ड फ्रेम</td><td>४४१०००</td></tr>
<tr><td>९</td><td>स्वास्थ्य संस्थामा सोलार सहित व्याकअफ जडान</td><td>व्याट्री सोलार प्यानल इनभटर</td><td>७४५५००</td></tr>
<tr><td>९</td><td>न्यानो झोला</td><td>न्यानो झोला</td><td>३३५२७२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>ठेक्का व्यवस्थापन र भुक्तानी</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>कार्यसम्पादन जमानत : ठे.नं. १६|०७८|७९ Construction of Isma ga. Pa. 5 Saalbisauna Dhokaabari Road को सम्झौता रकम रु ७,०४,६६५ रहेको छ । यस खरिद सम्झौताको लागि रु १,०७,८३०|०० को मुक्तिनाथ विकास बैंक लि. वाट जारी भएको कार्यसम्पादन जमानत पेश भएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्न वाणिज्य बैंङ्कबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागि मुक्तिनाथ विकास बैंक लि. वाट जारी भएको कार्यसम्पादन जमानत पेश भइ खरिद सम्झौता भएको छ । विकास वैंक बाट जारी भएको कार्यसम्पादन जमानत पेश भएको आधारमा खरिद सम्झौता भएको नियम सम्मत भएन । कानूनी व्यवस्थाको परिपालना गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>मर्मत संभार कोष कट्टी :

✂ .... मिति २०७९-१२-१५ को निर्णयानुसार 50000.00 को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको</td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२.३			**कार्यसम्पन्न प्रतिवेदन :** गो.भौ. २८।२०७९।०३।२४ : सार्वजिनक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम नाप जाँच पश्चात नापि कितावमा भएको वास्तविक कार्यसम्पादन परीमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्याव्यस्था रहेको छ । ठे.नं. १५।०७८।७९ को Procurement of Fabrication Package Laahata Nursery Trail Bridge कामको लागि पालिका र निर्माण व्यवसायी वीच कवोल अंक रु १५,१५,२४६।०० को मिति २०७९।३।१८ मा कार्य सम्पन्न गर्ने मिति २०७९।२।१० सम्झौता भएको छ । पालिकावाट Fabrication Package Laahata Nursery Trail Bridge खरिद वापत रु १५,१५,२४६।३२ भुक्तानी भएको छ । लाहाटा नर्सरी झुलुङ्गेपुल निर्माण उपभोक्ता समितिलाई मिति २०७९।३।२५ मा सामान हस्तान्तरण गरेकोमा हालसम्म उक्त सामान जडान नभएको पालिकाले जानकारी दिएको छ । उक्त सामान जडान भएको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ रु....	१,५१५,२४६
३३			**ठेक्का व्यवस्थापन र भुक्तानी**	
३३.१			**म्याद थप :** गो.भौ. १४।०७८।१२।१४ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ । ठे.नं. ०४।०७७।७८ Construction and Supply of Rutalaarukha Sidunkha, Maindada, Badakamaan, Degaatole Lifting Khanepani Ek Ghar Ek Dhara कार्यको लागि पालिका र निर्माण व्यवसायी नुतन निर्माण सेवा वीच कवोल अंक रु १,१२,६३,२६९।७०(मू.अ.कर समेत) को मिति २०७८।२।३० मा कार्य सम्पन्न गर्नेगरी मिति २०७७।९।८ मा सम्झौता भएको छ । शुरु सम्झौता अनुसारको म्याद भित्र काम सम्पन्न हुननसकी गाउँ कार्यपालिकाले एकमुष्ट मिति २०७८।१२।३० सम्म म्याद थप गरेको छ । उक्त निर्माण कार्य को म्याद थप भएकोमा कार्यसम्पादन जमानत र वीमाको म्याद थप भएको छैन् । यस निर्माण कार्यको दोश्रो तथा अन्तिम विल वापत रु ४०,५८,४९०।३१ भुक्तानी भएको छ । गुणस्तर परिक्षण वापत पी.एस. आइटममा १,१५,०००।०० रहेकोमा भुक्तानी गरेको छैन् । गुणस्तर परीक्षण गरी आश्वस्त भएपछी मात्र भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । यस १०० घ.मी. क्षमताको खानेपानी टैंकी निर्माण कार्यको कुल खर्च रु १,०९,११,९३६।०० रहेकोमा शुरु ड्रइङ्गस र काम सम्पन्न पश्चात एज विल्ट ड्रइङ्गस समेत तयार गरेको छैन् । खरिद व्यवस्थापन गर्दा खरिद सम्झौता र खरिद कानूनको परिपालना हुनु पर्दछ ।	
३३.२			**अधुरो कार्य सम्पन्न :** गो.भौ. ३०४।०७९।०३।२३ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा वजेटको व्यवस्था नगरी योजना शुरु गर्न नहुने व्यवस्था छ । ठे.नं. २२।०७७।७८ काउछे रोदीटार सिंचाई योजना निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी सन्तोष निर्माण सेवा वीच कवोल अंक रु ३८,३१,८६७।७२(मू.अ.कर समेत) को मिति २०७८।३।२५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७७।१२।२२ मा सम्झौता भएको छ । आ.व. २०७७।७८ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सालवसाली रुपमा सम्पन्न	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गर्नुपर्ने कार्यक्रम उक्त आ.व. मा कुनै काम भएको देखिएन । कुल कवोल अंक रु ३८,३१,८६७।७२(मू.अ.कर समेत) रहेकोमा आ.व. २०७७।७८ मा कुनै काम नभई आ.व. २०७८।७९ मा भएको कामको मूल्याकंन गरी कार्य सम्पन्न गरी रु १०,२५,४५८।२५ भुक्तानी भएको छ । सम्झौता भएको काम समयमा सम्पन्न हुन नसक्ने र आगामी वर्ष पर्याप्त रकम विनियोजन नहुनाले काम अधुरो रहने, आंशिक कामको भुक्तानी गरी कार्य सम्पन्न गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । संघ र प्रदेश समपुरक अन्तर्गतको कार्यक्रम समयमा काम सम्पन्न गर्ने र सम्पन्न नभएमा संघ र प्रदेश सँग समन्वय गरी सोही कार्यक्रमको लागि वजेट निकासा गराउने वा पालिकाको आन्तरिक श्रोतवाट आवश्यक वजेट विनियोजन गरी सम्झौता अनुसारको सवै काम सम्पन्न गराउने तर्फ पालिका संवेदनशील हुनुपर्दछ ।	
३३.३			**खानेपानी पाइपको जडान:** गो.भौ. १४।०७८।१२।१४ वाट ठे.नं. ४६।०७७।७८ Construction and Supply of Rutalaarukha Sidunkha, Maindada, Badakamaan, Degaatole Lifting Khanepani Ek Ghar Ek Dhara(प्याकेज-२) को दोश्रो तथा अन्तिम विल वापत रु ६,०५,८३१।२३ भुक्तानी भएको छ । यस कार्यको लागि एचडिपी पाइप 50mmPN10 को ४१५० मी. को ६,२२,५००।०० पाइप खरिद भएकोमा पाइपका लागि खन्ने र पूर्ने काम २६०० मी भएको छ । वाँकी १५५० मी पाइपको laying & Jointing को कार्य भएता पनि पाइपको लागि माटो खन्ने र पूर्ने काम भएको छैन् । काम गर्ने वेला वारीमा अन्नवाली भएकोले पाइपका लागि खन्ने र पूर्ने काम गर्न नसकिएको पालिकाले जानकारी दिएको छ । पाइप खन्ने पूर्ने कार्यको लागि वी.ओ.क्यू. मा ८२१.७० घ.मी. काम गर्ने उल्लेख भएकोमा ८१९ घ.मी. काम सम्पन्न भई रु १,६३,८००।०० भुक्तानी भएको छ । वी.ओ.क्यू. मा उल्लेखित परिमाणको खन्ने र पूर्ने काम करिव पूरै गरीसक्दा पनि १५५० मी पाइप जडानको काम वाँकी रहनाले पाइप असुरक्षित हुने र क्षति पुगी पानीको वितरण गर्ने कार्य अवरुद्ध हुन सक्ने देखिन्छ । यस्तो कार्यमा सुधार हुनु पर्दछ ।	
३४			**ठे.नं. २९।०७७।७८ Construction of 15 Bed Hospital Building at Isma Rural Municipality**	
३४.१			ठे.नं. २९।०७७।७८ Construction of 15 Bed Hospital Building at Isma Rural Municipality कार्यको लागि पालिका र निर्माण व्यवसायी सुनिल समिर - प्रेरा जे.भी. वीच कवोल अंक रु १०,८५,४१,७२२।७३ (मू.अ.कर समेत) को मिति २०८०।३।२ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।३।६ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ : **क. कार्यसम्पादन जमानत रकम :** आर्थिक बर्ष २०७७।७८ को लेखापरीक्षणको क्रममा खरिद सम्झौता अनुसार कार्यसम्पादन जमानत घटी रु ४९,४२,०३६।०० पेश गरेकोले उक्त रकमलाई खाम्ने गरी रु १,५७,२२,०३६।०० को कार्यसम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरेकोमा हालसम्म पनि सुधार भएको देखिएन । खरिद सम्झौता अनुसारको रकम र अवधि खाम्ने कार्यसम्पादन जमानत अविलम्व पेश हुनु पर्दछ ।	
३४.२			**ख. खरिद सम्झौताको विशेष शर्तहरु:** - खरिद सम्झौतामा कार्यक्रम अद्यावधिक गरि पेश गर्नुपर्ने अवधिको अन्तराल पेश गर्ने व्यवस्था लागू नहुने उल्लेख छ। खरिद सम्झौताको शर्तमा स्पष्ट उल्लेख हुनु पर्दछ । - खरिद सम्झौतामा एज विल्ट ड्रइङ्ग पेश गर्नु पर्ने व्यवस्था लागू नहुने उल्लेख छ । भवन निर्माण जस्तो जटिल प्रकृतिको ठूलो लगानी हुने संरचनाको एज विल्ट ड्रइङ्ग पेश गर्नु पर्ने व्यवस्था अनिवार्य रुपमा खरिद सम्झौतामा उल्लेख हुनु पर्दछ ।	
३४.३			**ग. पेश्की :** खरिद सम्झौताको SCC को GCC 57.3 मा ३०% वढी मूल्याङ्कन भएको ठेक्का विल पेश भएपछी पेश्की कट्टी ४० % का दरले गर्न शुरु गर्नुपर्ने र कुल सम्झौता अवधिको ८० % समय भित्र सम्पूर्ण पेश्की कट्टी गर्नुपर्ने व्यवस्था छ । यस अनुसार पेश्की जमानतको अवधि न्युनतम २०.२ महिना अर्थात २०७९।११।६(१८ फेब्रुअरी २०२३) सम्मको हुनुपर्नेमा २४ डिसेम्वर २०२१ को वैंक जमानत पेश गरेको आधारमा पेश्की भुक्तानी दिएको नियम सम्मत भएन । अत: खरिद सम्झौता र सार्वजनिक खरिद नियमावली अनुसारको अवधि खाम्ने पेश्की जमानत पेश हुनुपर्दछ । खरिद सम्झौताको SCC को GCC 57.1 मा पेश्की जमानत १५ % दिने र प्रथम किस्ता ७.५% कार्य तालिका, गुणस्तर आश्वस्त योजना र वीमा पोलिसी पेश भएपछी दिने र दोश्रो किस्ता वापत वाँकी ७.५% कुल कामको कम्तिमा १०% मूल्याङ्कन वरावरको काम भएपछी पेश्की भुक्तानी दिने व्यवस्था छ । कुल सम्झौता रकम रु ९,५५,७२,३२१।०० (मू.अ.कर र पी.एस. आइटम वाहेकको) को ७.५% ले हुने रकम रु ७१,६७,९२४।०७ भुक्तानी हुनु पर्नेमा रु ८१,००,०००।०० भुक्तानी भएकोले सम्झौता भन्दा वढी रु ९,३२,०७५।९२ पेश्की भुक्तानी भएको रकम सम्वन्धीत निर्माण व्यवसायीवाट व्याज सहित असुल हुनु पर्दछ रु...	९३२,०७५
३४.४			**घ. कर विजक वेगर भुक्तानी :** गो.भौ. ३४१।०७९।०३।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यको प्रथम रनिङ्ग विल वापत रु २२,२५,६४८।०० भुक्तानी भएको छ । उक्त रकम भुक्तानी गर्दा निर्माण व्यवसायीको कर विजक	२,२२५,६४८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वेगर नै भुक्तानी भएको छ । कर विजक वेगर भुक्तानी दिने कार्य नियम सम्मत भएन यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ । भुक्तानी भएको रकम वरावरको कर विजक पेश हुनुपर्ने रु......	
३४.५			**ङ. भेरिएशन अर्डर :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा भेरिएशन आदेश सम्वन्धि व्यवस्था रहेको छ । Item Civil Work (2) : Earthwork Excavation in trenches, foundations etc. in all types of ordinary soil, ordinary rock and hard rock soil including timbering & shoring, pumping out water from trenches if necessary को शुरु वि.ओ.क्यू. मा १७४०.४७ घ.मी. रु ६,७२,४८२।८० को काम गर्ने उल्लेख भएकोमा भेरिएशन जारी गरी १०,५००.०० घ.मी. रु २१,००,०००।०० को काम गर्ने निर्णय भएको पाइयो । यसले गर्दा १.८२ भेरिएशन आदेश स्वीकृत भएको छ । सामान्य अनुमान लगाउन सकिने विषयमा समेत भेरिएशन आदेश जारी भएको छ । लागत अनुमान तयार गर्दा वस्तुगत विश्लेषण गरी तयार गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
३५			**ठे.नं. ०६।०७७।७८ Construction of Ward Office Building, Ward no. 2 of Isma Rural Municipality** **अधुरो ठेक्का :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा वजेटको व्यवस्था नगरी योजना शुरु गर्न नहुने व्यवस्था छ । ठे.नं. ०६।०७७।७८ Construction of Ward Office Building, Ward no. 2 of Isma Rural Municipality कार्यको लागि पालिका र निर्माण व्यवसायी विष्णुदेवि निर्माण सेवा वीच कवोल अंक रु ३८,४३,११३।२५ (मू.अ.कर समेत) को मिति २०७८।२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७७।९।१७ मा सम्झौता भएको छ । यसको कुनै काम भएको छैन् र म्याद थप समेत भएको छैन् । वजेट श्रोत सुनिश्चितता नहुदाँ ठेक्का कार्यान्वयन हुन नसकेको र सुविस्तको आधारमा ठेक्का अन्त्य गरिने पालिकाले जानकारी दिएको छ । वजेट श्रोतको सुनिश्चितता गरी ठेक्का कार्यान्वयन हुनु पर्दछ ।	
३६			**संरचना निर्माण र उपयोग**	
३६.१			**उपयोग नभएको संरचना :** आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ । यस पालिका र इस्मा गापा वडा नं. ५ रातापोखरा ट्रस निर्माण उ.स. वीच रु ४०,९६,१९३।५८ को लागतमा मिति २०७८।९।८ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।७।८ मा सम्झौता भएको छ । यस निर्माण कार्यको लागि रु ३६,०३,९७६।३१ भुक्तानी भएको छ । यस निर्माण कार्यको लागि शुरु वार्षिक कार्यक्रममा समावेश गरी सभावाट स्वीकृत भएको छैन् । सभावाट स्वीकृत नभएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यक्रममा कार्यपालिकाले मिति २०७८।६।३१ मा निर्णय गरी काम गर्नेकालगि पालिकाले उपभोक्ता सँग सम्झौता गरी मिति २०७८।७।८ मा कार्यादेश दिएको छ । गाउँ कार्यपालिकाले "यस गाउँपालिकाको कार्यालय, गाउँपालिकाको केन्द्र निर्धारण भएको स्थान इस्मा गाउँपालिका -५ रातापोखराबाट यथासिघ्र संचालन गर्नुपर्ने भएकोले नवनिर्मित ७ कोठे ट्रसको अतिरिक्त अर्को ५ कोठे ट्रस तथा शौचालय निर्माणको लागी उपभोक्ता समितिवाट कार्य अगाडि बढाउने र उक्तकार्यको लागी आवस्यक बजेट रु ४० लाख नबढ्ने गरी संचितकोष वाट दायित्व सिर्जनाहुनेगरी ब्यवस्था गर्ने निर्णय" गरेको छ । वार्षिक कार्यक्रममा समावेश नभएको नयाँ कार्यक्रम कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्ने कार्य मा नियन्त्रण हुनु पर्दछ । ट्रस भवन निर्माण कार्य सम्पन्न भएकोमा हालसम्म उक्त भवन उपयोगमा आएको छैन् भने गाउँपालिकाको प्रशासकिय भवन हालसम्म पनि निजी घर भाडामा लिइ संचालन भइरहेको अवस्था छ । सरकारी लगानी निष्कृय अवस्थामा रहेको देखियो । आवश्यकताको आधारमा कानून वमोजिमका निर्धारित प्रकृया पूरा गरी सरकारी लगानीको प्रतिफल सुनिश्चत हुने गरी मात्र खर्च गर्नेतर्फ पालिका जिम्मेवार हुनु पर्दछ । कार्यपालिकाले निर्णय गरी निर्माण कार्य गर्ने र निर्माण भएको संरचना निष्कृय राख्ने कार्य उचित भएन ।	
३६.२			**अधुरो कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा वजेटको व्यवस्था नगरी योजना शुरु गर्न नहुने व्यवस्था छ । यस पालिका र वडा नं. १, एक घर १ धारा कार्यक्रम चौतारा लि खानेपानी उपभोक्ता समिति वीच रु ८,००,००० को लागतमा मिति २०७९।२।३० मा कार्य सम्पन्न गर्नेगरी मिति २०७८।९।११ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत उपभोक्ता समितिलाई रु ७,३५,८९४।४८ भुक्तानी भएको छ । यस निर्माण कार्य अन्तर्गत १ वटा १२ घ.मी. को टंङ्की र १ वटा २० घ.मी. को टंङ्की निर्माण भएकोमा लिफ्टीङ्ग गर्ने कार्य वाँकी रहेकोले खानेपानीको श्रोत सुनिश्चित भएको देखिएन । आर्थिक वर्ष २०७८।७९ मा खानेपानी श्रोतको सुनिश्चित हुने गरी लिफ्टिङ् गर्ने कार्यको लागि कुनै वजेट विनियोजन भएको देखिएन । यसले गर्दा योजनाको उपयोग हुन नसक्ने अवस्था देखिन्छ । आवश्यकताको आधारमा योजना निर्माण पूर्ण हुने गरी वजेट विनियोजन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
३७			**निर्माण कामको कार्यसम्पन्न**	
३७.१			पूरा काम नगराई कार्य सम्पन्न : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(२) मा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था रहेको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			क . यस पालिका र बुल्म जैथुम चोरकाटे मो.बा. मर्मत उपभोक्ता समिति वीच रु २०,४७,६४६।९९ को लागतमा मिति २०७८।१२।६ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।६।६ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत उपभोक्ता समितिलाई रु १६,००,९३८।१० भुक्तानी भएको छ । सम्झौता अनुसार हुनुपर्ने सवै काम सम्पन्न भएको छैन् । ढुङ्गाको गारो सिमेन्ट मसला(१:४) को ५५.१३ घ.मी. काम सम्पन्न गर्नुपर्नेमा ३४.६८ घ.मी. मात्र काम गरेको अर्थात खरिद सम्झौता भन्दा रु २,०३,१९४।४७ घटी काम भएको छ । खरिद सम्झौता अनुसारको सम्पूर्ण काम सम्पन्न भएपछी मात्र कार्यसम्पन्न तयार गरी भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । ख. पालिका र हस्तिचौर स्वस्थ्य चौकी संरक्षण तथा पहिरो नियन्त्रण उपभोक्ता समिति वीच रु १०,२४,२९५।१२ को लागतमा मिति २०७९।३।२५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७९।२।१९ मा सम्झौता भएको छ । यस निर्माण कार्य वापत उपभोक्ता समितिलाई रु ७,३५,२३३।०८ भुक्तानी भएको छ । सम्झौता अनुसार हुनुपर्ने सवै काम सम्पन्न भएको छैन् । ग्यावियन जाली लगाउने काम को लागि कुनै काम भएको छैन् । उक्त आइटमको सम्झौता लागत रु २,२७,९९५।३० रहेकोमा काम भएको पाइएन । सम्झौता भन्दा कम काम भइ कार्य सम्पन्न तयार गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । खरिद सम्झौता अनुसारको सम्पूर्ण काम सम्पन्न भएपछी मात्र कार्यसम्पन्न तयार गरी भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । ग. गो.भौ. ३३५।०७९।३।२५ : छाल्दी पनाहा मसानघाट पौवा तथा छाल्दी पानाह सितलपाटि निर्माण वडा नं. १,२ उ.स. लाई रु १,५३,४६०।७९ भुक्तानी भएको छ । यस निर्माण कार्यको कुल लागत रु ३,०४,००५।९० रहेकोमा रु १,७०,५११।९९ को काम गरी कार्यस्पन्न तयार भएको छ । सम्झौता भन्दा ४३.९१% कम काम भएकोमा भएको कामको कार्यसम्पन्न तयार गरी भुक्तानी दिएकोले नियम वमोजिम सम्पूर्ण काम सम्पन्न गराइ कार्यसम्पन्न तयार गर्ने र भुक्तानी दिनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
३७.२			**पाइप खन्ने पूर्ने कार्य :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । क. गो.भौ. ६०।०७८।१०।२८ : यस पालिका र ठुलाखोला घैयारा खानेपानी अधुरो उपभोक्ता समिति वीच रु ५,३४,०३५।३० को लागतमा मिति २०७८।२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१।२९ मा सम्झौता भएको छ । यस निर्माण कार्यको लागि उपभोक्ता समितिलाई रु ४,६९,५८१।०० भुक्तानी भएको छ । यस निर्माण कार्य अन्तर्गत २७४० मी लम्वाईमा खन्ने पुर्ने कार्य वापत रु ३,५९,०२४।४८ भुक्तानी भएको छ । पाइप खन्ने पुर्ने कार्य वापत भुक्तानी भएता पनि एचडीपि पाइप खरिद तथा आपूर्तिमा कुनै	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>परिमाण रहेको छैन् । पाइप आपूर्ति भएको परिमाण नहुदाँ पाइपको लागि भएको खन्ने र पुर्ने कामको परिमाण आशवस्त हुन सकेन ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>उपभोक्ताको जनश्रमदान

उपभोक्ता समितिको जनश्रमदान : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट गर्ने कार्यको लागत अनुमान तयार कर्दा सार्वजनिक निकायले व्यहोर्ने रकम र उपभोक्ता समितिवाट हुने जनश्रमदान स्पष्ट गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकावाट लागत अनुमान तयार गर्दा जनश्रमदान देखिने गरी तयार भएको छ । खरिद सम्झौता अनुसार कार्य सम्पादन भई उपभोक्ताको विलमा जनश्रमदान भनी रकम उल्लेख गरेकोमा डोर हाजिर संलग्न गरेको छैन् भने कुन कार्यमा कति जनश्रमदान भएको हो खुल्ने गरी कुनै पनि विवरण संलग्न रहेको छैन् । यसले गर्दा यस कार्यमा वास्तविक रुपमा जनश्रमदान भएको हो भनि एकिन हुन सकेन । यसका केही उदाहरणहरु निम्नानुसार रहेको छ :
<table>
<tr><th>उपभोक्ता समिति र कामको विवरण</th><th>जम्मा विल रकम</th><th>जनश्रमदान वापत रकम रु</th></tr>
<tr><td>मैनडाडा बडामान थापचौर मोटर वाटो निर्माण</td><td>२,७५,७८७</td><td>३०,६७०</td></tr>
<tr><td>मैन डाडा छहरा जनता प्रा वि मोटर बाटो</td><td>२,७५,७८४</td><td>३०,५१९</td></tr>
<tr><td>ठुलाखोला ठुलाडाडा पच्याटोल सेतापहिरा मो बा</td><td>३,६७,८३०</td><td>४०,९४५</td></tr>
<tr><td>घर्तीफाट मुलबाटा मोटरबाटो</td><td>३,८४,०००</td><td>४३,९६८</td></tr>
<tr><td>खादीपाटा तल्लो पाहाकटेरी मोटर वाटो</td><td>२,३०,०००</td><td>२६,७२३</td></tr>
<tr><td>हर्पुकोट लाकुरधारा खहरे थापचौर मोटरबाटो</td><td>३,६८,०००</td><td>४४,०८८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>उपभोक्ता समितिको भुक्तानी र कार्यसम्पादन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९.१</td><td></td><td></td><td>उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टवाट गराउन सकिने छैन भन्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसारको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ताले लिएको काम निर्माण व्यवसायीको कर विजक संलग्न गरी विल पेश गरेको आधारमा भुक्तानी गरेको छ । उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत काम गराउने कार्य नियम सम्मत भएन । यसका केही उदाहरणहरु निम्नानुसार रहेको छ :
<table>
<tr><th>उपभोक्ता समिति र कामको विवरण</th><th>विजक पेश भएको निर्माण व्यवसायी</th><th>विजक रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>मैनडाडा बडामान थापचौर मोटर वाटो निर्माण</td><td>विष्णु देवि निर्माण सेवा</td><td>३,०६,४५८</td><td>२,७५,७८७</td></tr>
<tr><td>मैन डाडा छहरा जनता प्रा वि मोटर बाटो</td><td>ईस्माली देउराली कन्स्ट्रक्सन प्रा. लि.</td><td>३,०६,२६८</td><td>२,७५,७८४</td></tr>
<tr><td>ठुलाखोला ठुलाडाडा पच्याटोल सेतापहिरा मो बा</td><td>ईस्माली देउराली कन्स्ट्रक्सन प्रा.लि.</td><td>४,०८,७७६</td><td>३,६७,८३०</td></tr>
<tr><td>घर्तीफाट मुलबाटा मोटरबाटो</td><td>ईस्माली देउराली कन्स्ट्रक्सन प्रा.लि.</td><td>४,२७,९६८</td><td>३,८४,०००</td></tr>
<tr><td>खादीपाटा तल्लो पाहाकटेरी मोटर वाटो</td><td>विष्णु देवि निर्माण सेवा</td><td>२,५६,७२३</td><td>२,३०,०००</td></tr>
<tr><td>हर्पुकोट लाकुरधारा खहरे थापचौर मोटरबाटो</td><td>मनिषा कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.</td><td>४,१२,४५०</td><td>३,६८,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.२</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम नापी किताव / कार्यसम्पन्न प्रतिवेदन : विधालय क्षेत्र विकास कार्यक्रम, कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को १.३ (ड) मा विद्यालय भवन, कक्षा कोठा, शौचालय लगायतका भौतिक निर्माण सम्वन्धी कार्यहरु सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकावाट आर्थिक बर्ष २०७८।७९</td><td>५,४००,००० </td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मा संघीय सशर्तवाट ३ वटा विधालयलाई आषाढ महिनामा भवन निर्माण अनुदान रु ९०,००,०००।०० भुक्तानी दिएको छ । आर्थिक बर्ष २०७८।७९ मा ३ वटा विधालयलाई अनुदान दीएको मध्ये कुनै पनि विधालयको निर्माण कार्य सम्पन्न नभएकोले अनुदान रकम रोक्का राखेको पालिकाले जानकारी दिएको छ । निम्नानुसार विधालयमा भवन निर्माणका लागि अनुदान दिएकोमा सो भुक्तानीलाइ पुष्टयाई गर्ने निर्माण कार्यका कागजातहरु (नापी किताव , कार्य सम्पन्न प्रतिवेदन) लेखापरीक्षणका क्रममा पेश भएन । अत : उक्त निर्माण कार्यको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु..	

सि.नं.	विधालयको नाम	भुक्तानी रकम	कैफियत
१	देविस्थान मा.वि -२	३६,००,०००	४ कोठे भवन
२	कालिका आ.वि.-४	३६,००,०००	४ कोठे भवन
३	जनज्योति आ. वि.- २	१८,००,०००	२ कोठे भवन
	जम्मा	९०,००,०००	

			राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियाको वुँदा नं. ११ मा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहले बजेट तथा कार्यक्रम प्राप्त भए पश्चात आवश्यक प्रक्रिया पुरागरी ७ दिन भित्र विद्यालयलाई निकासा दिने र विद्यालयले प्राप्त रकम यसै आर्थिक वर्ष भित्रैमा तोकिएको कार्यमा खर्च गरी फ्रिज हुन गएमा विद्यालय नै जवाफदेही हुनु पर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न ३ विधालयलाई भवन निर्माणका लागि रु ९०,००,०००।०० अनुदान दिएकोमा यही आर्थिक वर्ष भित्र कार्य सम्पन्न भएको प्रमाण पेश भएन भने रकम फ्रिज भएको समेत देखिएन । अत: क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियामा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ । ✂ .... मिति **२०७९-१२-१८** को निर्णयानुसार **3600000.00** को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको	
४०			**ठेक्का व्यवस्थापन र भुक्तानी**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>अनुदान फिर्ता :

✂ .... मिति २०७९-१२-१५ को निर्णयानुसार 2861819.00 को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको</td><td>०</td></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>वीमाको भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि १२ महिना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । यस पालिकाले निर्माण कार्यको वी.ओ.क्यू. आइटममा वीमा वापत प्रोभिजनल समको व्यवस्था गरेकोमा सम्झौता कार्यान्वयनको शुरुमा नै वीमा गरी पेश हुनु पर्नेमा कार्य सम्पन्न भएपछी पनि वीमा र गुणस्तर परीक्षण वापत भुक्तानी नभएकोले खरिद सम्झौताको परिपालना भएको देखिएन । यसले गर्दा कामको जोखिम न्युनिकरण गर्ने र कामको गुणस्तर कायम गर्ने तर्फ ध्यान दिएको देखिएन । खरिद सम्झौताको परिपालना गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । केही उदाहरणहरु निम्नानुसार रहेको छ :
<table>
<tr><th>ठे.नं.</th><th>कामको विवरण</th><th>सम्झौता रकम</th><th>वी.ओ. क्यु. मा वीमाको रकम</th><th>वी.ओ. क्यु. मा गुणस्तर परीक्षणको रकम</th></tr>
<tr><td>५।०७८।७९</td><td>स्थानीय तह औधोगिक ग्राम निर्माण</td><td>४६,६२,६२७</td><td>३२,२००</td><td>२०,०००</td></tr>
<tr><td>६।०७८।७९</td><td>सडक निर्माण</td><td>२७,९३,०७३</td><td>१८,०००</td><td>२५,०००</td></tr>
<tr><td>३।०७७।७८</td><td>सडक निर्माण</td><td>७४,०१,३२४</td><td>३६,०००</td><td>१,००,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०.३</td><td></td><td></td><td>रित पूर्वकको मू.अ.कर विजक : मुल्य अभिबृद्बि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको फर्मले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसार कार्यको भुक्तानी गर्दा रित पूर्वकको विजक पेश नभएकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु...</td><td>१९५,८६७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.</td><td>ठे.नं.</td><td>निर्माण व्यवसायी</td><td>विजक नं.</td><td>जम्मा रकम</td><td>मू.अ.कर रकम</td></tr>
<tr><td>४|०७८|१२|१५</td><td rowspan="2">०६|०७८|७९</td><td>जि.सी. व्रदर्श कन्स्ट्रक्सन</td><td rowspan="2">विजक नं. उल्लेख नभएको</td><td>११,४४,१७२</td><td>१,३१,६३०</td></tr>
<tr><td>७|०७९|०२|२०</td><td>६०९८५००९१</td><td>५,५८,३७१</td><td>६४,२३७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१,९५,८६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०.
४</td><td></td><td></td><td>अधुरो कार्य : गो.भौ. ३७|०७९|०३|२५ : ठे.नं. ०७|०७८|७९ Upgrading and Construction of Sirphu Bagkhor Maldi Harpukot Maldi Nisti Road को लागि पालिका र निर्माण व्यवसायी विष्णु देवी निर्माण सेवा वीच कवोल अंक रु २८,२४,१६८ को लागतमा मिति २०७९|३|१५ मा कार्यस्पन्न गर्ने गरी मिति २०७९|१|९ मा सम्झौता भएको छ । यस निर्माण कार्यको कुल सम्झौता रकम रु २८,२४,१६८|०६ (मू.अ.कर समेत) भएकोमा यस आर्थिक बर्षमा रु ८,८८,२४९|५० को मात्र काम भई भुक्तानी भएको छ । वाँकी काम हालसम्म पनि भएको छैन् भने ठेक्का अन्त्य सम्म भएको छैन् । यस वर्ष योजनाको लागि पालिकावाट कुनै वजेट विनियोजन भएको छैन् भने प्रदेश सरकारवाट समेत यस कार्यक्रमको लागि वजेट प्राप्त भएको देखिएन । एक आर्थिक वर्षमा सम्झौता गरी काम सम्पन्न नगर्ने र अर्को वर्ष वजेट विनियोजन नगरी योजना अलपत्र गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । यस निर्माण कार्यको लागि निर्माण व्यवसायीवाट म्याद थप माग भएकोमा पालिकावाट म्याद थप भएको छैन् । सार्वजनिक खरिद नियमावली २०६४ अनुसार ठेक्का अन्त्य गर्ने वा काम सुचारु गरी काम सम्पन्न गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०.५</td><td></td><td></td><td>

एचडिपी पाइप जडान : ठे.नं. ०९।०७८।७९ Construction of Dotekaraha Deurali Lifting Khanepani Ward No.4 कामको लागि पालिका र निर्माण व्यवसायी वीच कवोल अंक रु ४०,९९,३८६।३३ को मिति २०७९।१।२६ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।७।२६ मा सम्झौता भएको छ । यस निर्माण कार्यका लागि खरिद गरीएका एचडिपी पाइप काममा सवै परिमाण उपयोग नभई मिति २०७८।१२।६ मा निम्नानुसार पालिकामा दाखिला भएको छ ।

<table>
<tr><td>पाइपको विवरण</td><td>परिमाण</td><td>मूल्य</td></tr>
<tr><td>स्पेसिफिकेशन नखुलेको</td><td>५२ मी</td><td>४६२८</td></tr>
<tr><td>25mm 16 kg</td><td>६० मी</td><td>३०६०</td></tr>
<tr><td>32mm 10 kg</td><td>४२ मी</td><td>२४३६</td></tr>
<tr><td>20mm 16 kg</td><td>२४५५ मी</td><td>८१०५१</td></tr>
<tr><td>जम्मा</td><td>२६०९ मी</td><td>९१,१३९।००</td></tr>
</table>

सार्वजिनक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम नाप जाँच पश्चात नापि कितावमा भएको वास्तविक कार्यसम्पादन परीमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्याव्यस्था रहेको छ ।उक्त पाइपहरु मध्ये 20mm 16 kg को २४०९ मी व्यक्तिगत विल भर्पाईका आधारमा वितरण भएको र वाँकी पालिकाको भण्डारमा मौज्दात रहेको पालिकाले जानकारी दिएको छ । इस्मा गाउँपालिका वडा नं. १ अन्तर्गतको वौवा खोला सिर्फु भिगेटारी आयोजनाको काम अधुरो रहेको भनी खा.पा. योजनाको अध्यक्षको भर्पाई गरी 20mm 16 kg को ८०० मी र 32mm 10 kg को ४२ मी पाइप वुझिलिएको देखियो । उक्त पाइपहरु जडान भएको प्रमाण पेश भएको छैन् । इस्मा गाउँपालिका ३ का ठान व. नेपालीले 20mm 16 kg को ६०० मी पाइप भर्पाई गरी वुझिलिएकोमा जडान भएको प्रमाण पेश भएको छैन् । अत: उक्त पाइपहरु जडान भएको प्रमाण पेश हुनु पर्दछ रु.....

यस निर्माण कार्यको लागि विभिन्न साइजको खानेपानी पाइपहरु आपूर्ति भई जडान भएकोमा रु ९१,१३९।०० को २६०९ मी पाइप जडान नभई पालिकामा नै फिर्ता भएको देखिन्छ । उक्त वचत भएको पाइपको परिमाण वरावरको खन्ने पुर्ने कार्य सम्वन्धमा नापी

</td><td>९१,१३९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			किताबमा स्पष्ट विवरण उल्लेख नभएकोले उक्त वचत पाइपको लागि खन्ने पूर्ने काम वापतको रकम भुक्तानी भए नभएको एकिन भएन ।	
४१			आन्तरिक लेखापरीक्षणः स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण शुरु हुन अगावै फस्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले आन्तरिक लेखापरीक्षक नभएकाले आन्तरिक लेखापरीक्षण गराउन नसकेको जानकारी दिएको छ । आन्तरिक नियन्त्रण तथा अन्तिम लेखापरीक्षण दुवैमा आन्तरिक लेखापरीक्षण महत्वपूर्ण रहने भएकाले पालिकाले आन्तरिक लेखापरीक्षण गराई पालिकाले आफ्नो जिम्मेवारी पुरा गर्नुपर्दछ ।	

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	देविस्थान मा वि मा कार्यरत शिक्षक डिल्लिराज पन्थिको वढी तलव रु २९५८६ भुक्तानी भएकोमा उक्त विधालयले मिति २०७९।७।४ मा वाणिज्य वैंकको भौचर नं १४४१४९०७ वाट रु २८१७८ माात्र वेरुजु खातामा जम्मा भएको प्रमाण पेश भएकोले वेरुजु खातामा दाखिला भएको रकम मात्र वेरुजु वाट हटाइ कम दाखिला भएको रु १४०८ वेरुजु कायम भएको रु	1408.00
२	सी अनमी रेखा भण्डारी मरासिनी २०७९ बैशाख सम्म चौथो तहमा रहेको र निजले पाचौ तह भए पछी को ग्रेड पाचौ तहको र निज कर्मचारी चौथो तहमा हुदाको ग्रेड बढ्ने महिना माघ रहेको र निज कर्मचारी ले माघ देखि चैत्र सम्म चौथो तहको ग्रेड र बैशाखे देखि असार सम्म पाचौ तहको १ ग्रेड बढी पाएकोले निजको हिसाब गर्दा असुल हुनुपर्ने रकम जम्मा ५८८३ हुन् आएकोले सोहि रकम असुल गरिएको भनी संपरिक्षणको लागि अनुरोध भई आएकोमा निज ले राजश्व व्यवस्थापन सुचना प्रणालि बाट सिर्जित भौचर नं ३९२४३०५७ वाट मिति २०७९।०६।२८ मा वेरुजु खाता मा रु ५८८३ जम्मा गरेको प्रमाण पेश भएकोले उक्त रकम वरावरको वेरुजु हटाउन मनासिव देखिएको र वाकी रु ७२०८ को सम्वन्धमा निज नियुक्ती भएको । वढुवा भएको तथा ग्रेड खुल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा अशुल हुनुपर्ने रु	7208.00